वर्ष : १३, अंक : १७, काठमाडौं, २०७४ साउन २० गते शुक्रबार 4 August 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

# प्रदेश नं. २ को निर्वाचन : राजपाको चासो

**भित्री रूपमा राजपालाई गलाउने र अन्त्यमा फेस सेभिङ्गको नाममा एउटा सहमति गर्ने र लतारेर चुनावमा ल्याउने चेष्टा गरेको देखिन्छ । जसरी असहमतिका बीच संविधान घोषणा भएको थियो त्यसैगरी असहमतिका बीच तेस्रो चरणको निर्वाचन पनि हुँदैछ ।**

मधेशवाणी डेस्क

काठमाडौं । पहिलो र दोस्रो चरणको स्थानीय तहको निर्वाचन वहिष्कार गरेको राष्ट्रिय जनता पार्टी नेपालले तेस्रो चरणको निर्वाचनमा जाने/नजाने अहिले निश्चित भइसकेको छैन । संविधान संशोधनको बटमलाइन बनाएको उसले तेस्रो चरणको निर्वाचनको सम्मुखमा आइपुग्दासम्म केही लचिलो जस्तो देखिए पनि आगमी बाटो अझै प्रष्ट भइसकेको छैन ।

तर, राजपाका अधिकांश नेता संविधान संशोधन नगरी चुनावमा सहभागी हुँदा पार्टीकै अस्तित्व समाप्त हुने भयमा रहेका कारण उसले तेस्रो चरणको निर्वाचनमा भाग लिन्छ भन्नेमा अझै शंका छ ।

संविधान जारी हुनुपूर्व नै आन्दोलनमा होमिएको मधेशी दलमध्येका अधिकांश दल अहिले राजपाभित्र छन् र उनीहरूलाई संविधान संशोधन नभई निर्वाचनमा जान नैतिक रूपमा पनि अप्ठ्यारो छ ।

**गलाउने रणनीति**

अहिलेको राष्ट्रिय राजनीतिमा स्थानीय निर्वाचनको निकै चर्चा छ । संवैधानिक बाध्यताको कारण पनि सबै तहको निर्वाचन समयमै गराउनुपर्ने छ । पुष्पकमल दाहाल नेतृत्वको अघिल्लो सरकारले गत बैशाख ३१ मै देशैभर स्थानीय तहको चुनाव गर्ने घोषणा गरेको थियो तर हालै ६ वटा दलको समायोजनमा बनेको राष्ट्रिय जनता पर्टी (राजपा) को असहतिलाई देखाएर चार वटा प्रदेशको निर्वाचन जेठ ३१ लाई सारियो । त्यसैगरि पुनः राजपालाई नै देखाएर सरकारले दोस्रो चरणको निर्वाचन असार ९ र पछि असार १४ मा सार्‍यो । सरकार परिवर्तन भयो र चुनाव नसार्ने भन्दाभन्दै र निर्वाचन आयोगको समेत असहमतिको बीच पुनः प्रदेश नम्बर २ को निर्वाचन असोज २ गतेका लागि सारिएको छ ।

चुनावको आवश्यकता, सरकारको निर्णय, राजपाको अडान र सारिदो निर्वाचन मितिलाई नियाल्दा विविध कुराको विश्लेषण गर्नुपर्ने देखिन्छ । राजपा लगायत अरू असन्तुष्ट पक्षलाई चुनाव विरोधीको रूपमा विभिन्न सञ्चार माध्यममा चित्रण गरेको पनि पाइन्छ । के साँच्चै उनीहरू चुनाव विरोधी र देशमा अस्थिरता मच्चाउने तत्व नै हुन् त ? मधेशले सरकारसँग राख्दै आएको आफ्नो असन्तुष्टि निर्वाचनको मुखमा आएर मात्र राखेको होइन भन्ने हेक्का सबैमा हुनु जरूरी छ । संविधान निर्माण प्रक्रिया र संविधान घोषणाको समयमा समेत मधेशी दलहरूलाई गरेको उपेक्षाको जनता पनि साक्षी छन् ।

संविधनप्रति रहेका विमतिहरू कहिल्यै पनि फलदायिक कार्यान्वयनमा अघि बढेन । बरू अन्य कुरामा लागेर समय घर्काउने र गलाउने खेलमा लागिरह्यो । हाल आएर पनि राजपाको मूल मागलाई छेउ लगाएर तेस्रो चरणको निर्वाचन जसरी पनि गर्ने रणनीति सत्तापक्षमा देखिन्छ । मागको सम्बोधन नहुने अनि निर्वाचन गरेर न त राजपालाई नैतिकताको आधारमा निर्वाचनमा आउन मिल्छ न त यस्तै तरिकाले मधेशको मुद्दा र असन्तुष्टि सम्बोधन हुन सक्छ ।

भित्री रूपमा राजपालाई गलाउने र अन्त्यमा फेस सेभिङ्गको नाममा एउटा सहमति गर्ने र लतारेर चुनावमा ल्याउने चेष्टा गरेको देखिन्छ । जसरी असहमतिका बीच संविधान घोषणा भएको थियो त्यसैगरी असहमतिका बीच तेस्रो चरणको निर्वाचन पनि हुँदैछ ।

**राजपा पनि दोषी**

यी सम्पूर्ण घटनाक्रममा राजपा र अन्य असन्तुष्ट पक्ष पनि दोषमुक्त भने छैनन् । सरकारसँगको सहमतिमा विश्वास छैन भन्दै फेस सेभिङ्गका लागि सहमतिको चाङ बनाउने र सत्ता पक्षलाई सहयोग गर्ने तर चुनावलाई मात्र अड्काउन खोज्ने काम निकै निन्दनीय छ । दाहाल नेतृत्वको सरकार होस् वा शेरबहादुर देउवा नेतृत्वको, दुवै सरकरालाई मत दिएर समर्थन गरेकै हो राजपाले । बजेट पनि आउन दिने, देउवा सरकार पनि बन्न दिने तर चुनाव हुन नदिने ? आफ्नो मागमा अडिग रहने हो भने सरकारसँग सम्बन्धित कुनै पनि क्रियाकलापमा किन राजपा सहभागी हुन्छ ?

**संशोधनको भविष्य**

दुई तिहाइको सुनिश्चितता नभई संविधान संशोधन विधेयक मतदानमा लैजाँदा राजपाकै नेताहरूले मतदान नगर्ने चेतावनी दिएपछि प्रधानमन्त्री देउवा हच्किएका हुन् । त्यसपछि प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् विस्तार गरे । एमालेको समर्थनबिना संविधान संशोधन हुन सक्ने झिनो सम्भावनामा पनि मन्त्रिपरिषद् विस्तारसँगै पूर्णविराम लागेको छ । जसप्रति राजपाका नेता पनि सन्तुष्ट छैनन् । संविधान संशोधनपछि मात्रै प्रदेश नं. २ मा चुनाव गर्ने वचनबद्धता गरेका प्रधानमन्त्री देउवाले अब के गर्लान ? गम्भीर प्रश्न उभिएको छ ।

कांग्रेस तेस्रो चरण चुनावअघि नै संशोधन विधेयकलाई मतदानमा लैजान चाहन्छ । पार्टी केन्द्रीय कार्यसमितिको निर्णय पनि यही दिशामा छ । तर, राजपा कांग्रेसको चाहनाअनुसार दुई तिहाइ सुनिश्चितता नभएसम्म मतदानमा लैजान नहुने पक्षमा छ । 'जबरजस्ती' अघि बढाइए मतदानमा भाग नलिने उसको चेतावनी छ ।

राजपाभित्र पनि संविधान संशोधन विधेयकलाई मतदानमा लैजाने कि नलैजाने भन्नेमा दुईटा दृष्टिकोण छन् । महेन्द्र यादवलगायतको एउटा समूह जे भए पनि प्रक्रियामा लगेर टुंग्याउन चाहन्छ । तर, महन्थ ठाकुर पक्ष भने त्यसको विपरीत धारमा छ । राजपा अहिले पदाधिकारी बैठकमा व्यस्त रहे पनि कार्य समितिको बैठकले गर्ने औपचारिक निर्णयको पर्खाइ सबैलाई छ । चुनावमा भाग लिने/नलिनेदेखि संविधान संशोधन विधेयकलाई कसरी अघि बढाउने भन्नेबारे समेत कार्य समितिको बैठकले निर्णय लिनेछ ।

## राजपाको केन्द्रीय कार्यालय उद्घाटन




काठमाडौं । ६ वटा मधेशकेन्द्रित दलहरूको एकीकरणबाट निर्माण भएको राष्ट्रिय जनता पार्टी नेपालको केन्द्रीय कार्यालय 'मधेश भवन' विधिवत् रूपमा उद्घाटन भएको छ । बुधबार बबरमहलस्थित राजपा नेपालको केन्द्रीय कार्यालय अध्यक्षमण्डलका सदस्यहरूले सामूहिकरूपमा उद्घाटन गरेका छन् । केन्द्रीय कार्यालय उद्घाटन लगत्तै केन्द्रीय पदाधिकारीहरूको बैठक सुरू भएको छ । पार्टी गठन भएको करिब तीन महिनापछि पहिलोपटक बुधबारदेखि केन्द्रीय पदाधिकारीहरूको बैठक बसेको हो । केन्द्रीय पदाधिकारीहरूको बैठक शुक्रबारसम्म चल्नेछ । बैठकमा राजपा नेपालको भावी रणनीतिबारे छलपल हुनुका साथै अहिलेको समसामयिक राजनीतिक गतिविधिबारे समेत छलफल भइरहेको छ ।

## विवाद मिलाउँदै ठाकुर

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुरले पार्टीभित्र रहेका असन्तुष्टिहरू मिलाउन प्रयासरत् छन् । ६ मधेशवादी दल एकीकरण भई राजपा गठन भएदेखि नै सहअध्यक्ष हृदयेश त्रिपाठी, उपाध्यक्ष सर्वेन्द्रनाथ शुक्ललगायतका नेताहरू असन्तुष्टि पोख्दै आएका थिए । असन्तुष्ट रहेका त्रिपाठी र शुक्लसँग संयोजक ठाकुरले बिहीबार बिजुलीबजारस्थित राजपाको कार्यालयमा भेटवार्ता गरेका छन् । भेटवार्ताको क्रममा आसन्न निर्वाचन र राजपाको योजनाबारे छलफल भएको त्रिपाठीले मधेशवाणीलाई जनाएका छन् । अस्वस्थताका कारण बुधबारदेखि राजपाको केन्द्रीय कार्यालयमा जारी रहेको केन्द्रीय पदाधिकारीहरूको बैठकमा उपस्थित हुन नसकेको त्रिपाठीले बताए । अध्यक्ष ठाकुरसँग आसन्न निर्वाचनबारे सामान्य छलफल भएको उनले बताए ।




ईपीजी-नेपालका संयोजक डा. भेषबहादुर थापालाई सीमा क्षेत्रका बासिन्दाको समस्या र समाधानबारे सुझाव-पत्र बुझाउँदै मधेश मिडिया हाउसका अध्यक्ष डा. राजेश अहिराज । **सुझाव-पत्रको पूर्णपाठ पृष्ठ ४ मा ।**

## चुनाव जिताएर ल्याउनेलाई पुरस्कार : गच्छदार




*लोकतान्त्रिक फोरमको ८औं वार्षिकोत्सवमा सहभागी नेतागण ।*

काठमाडौं । नेपाल लोकतान्त्रिक फोरमका अध्यक्ष एवं उपप्रधानमन्त्री विजयकुमार गच्छदारले आ-आफ्नो जिल्लाबाट स्थानीय तहमा उम्मेदवार जिताएर ल्याउनेलाई पुरस्कार दिने घोषणा गरेका छन् ।

लोकतान्त्रिक फोरम ८ औं वर्ष पूरा गरी नवौं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा आयोजित कार्यक्रममा अध्यक्ष तथा उपप्रधान मन्त्री गच्छदारले पुरस्कारको घोषणा गरे पनि उपहार के दिने बताएनन् ।

असोज २ गते हुने तेस्रो चरणको स्थानीय तहको चुनावमा प्रत्येक नेताले आ-आफ्नो जिल्लाका नगरपालिकाको मेयर, नभए उपमेयर, त्यो पनि नभए गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष नभए वडा अध्यक्ष अथवा सदस्य जसरी पनि जिताउनु पर्ने निर्देशन दिँदै जिताएर ल्याउनेलाई उचित पुरस्कार दिने घोषणा गरे ।

उनले राजपा नेपाल र फोरम नेपालको जस्तोसुकै आलोचना गरे पनि चुनावमा कार्यगत एकता गर्ने प्रस्ताव पनि गरे ।

स्थानीय तहको चुनावमा राजपा नेपाल, फोरम नेपाल र लोकतान्त्रिक फोरम मिलेर चुनाव लड्यो भने मधेशमा पहिलो पार्टी हुने र देशमा तेस्रो पार्टीको रूपमा स्थापित हुने विश्वास पनि उनले व्यक्त गरे ।

## एक मधेश एक प्रदेश असम्भव : माओवादी अध्यक्ष



**पुष्पकमल दाहाल 'प्रचण्ड'**

जनकपुरधाम । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले 'एक मधेश स्वायत प्रदेश' माओवादी केन्द्रको एजेन्डा नभएको स्पष्ट पारेका छन् । उनले आफ्नै पार्टीका नेता मातृक यादवले भने जस्तो एक मधेश प्रदेशको एजेन्डा माओवादी केन्द्रको नभएको बताएका हुन् ।

पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष दाहालले जनकपुरमा आयोजित पत्रकार सम्मेलनमा एक मधेश एक प्रदेशको सवालमा भने, 'माओवादी केन्द्रको लाइन एक मधेश स्वायत प्रदेश कहिल्यै थिएन र हुँदैन पनि । हाम्रो मधेशमा सधैं स्वायत मधेश दुई प्रदेश स्पष्ट धारणा छ ।'

उनले एक मधेश प्रदेश कुनै पनि हालतमा व्यावहारिक नहुने बताउँदै संघीयता, पहिचान र आत्मनिर्णयको अधिकारको लागि मधेशमा २ प्रदेशको खाका नै उत्तम रहेको तर्क गरे ।

## "राजधानी" परिवर्तनको प्रस्ताव



**रमन पाण्डेय**

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालको बुधवारदेखि सुरू भएको तीन दिवसीय केन्द्रीय पदाधिकारीहरूको बैठकमा संघीय (केन्द्रीय) राजधानी परिवर्तनको प्रस्ताव पेश भएको छ ।

राजपा नेपालका सहमहासचिव रमन पाण्डेयले सो प्रस्ताव अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुरलाई बुझाएका छन् ।

पाण्डेय २७ वर्षदेखि मधेशको राजनीतिमा सक्रिय छन् । उनले कहिल्यै पनि नेपाली भाषा नबोल्ने वाचा गरेका छन् । साथै उनले पहाड र मधेशलाई जोड्ने भाषाको रूपमा हिन्दीलाई नेपालीको समकक्ष भाषाको रूपमा प्रयोग हुनुपर्ने प्रस्तावमा उल्लेख गरेका छन् ।

वर्तमान राजधानी काठमाडौं भौगोलिक एवं भूकम्पीय दृष्टिकोणबाट अनुपयुक्त स्थल रहेको भन्दै काठमाडौंलाई पर्यटक केन्द्रकै रूपमा उपयुक्त हुने सहमहासचिव पाण्डेयले जिकिर गरेका छन् । नयाँ नेपाल बनाउनका लागि चितवन र नवपरासीको क्षेत्रमा नयाा केन्द्रीय राजधानी बनाउनपर्ने सुझाव उनले दिएका छन् ।

तीन करोड नेपाली जनताको पहुँच हुने सुगम क्षेत्रलाई राजधानी बनाउनुपर्ने भन्दै अन्य उपयुक्त साझा स्थान खोज गरी नयाँ राजधानी स्थापनाका लागि राजपा नेपालको केन्द्रीय पदाधिकारीहरूको बैठकमा पाण्डेयले ध्यानाकर्षण गराएका हुन् ।

समय-सन्दर्भ

विजय यादव



## आवश्यकता तराईमा, अनुदान पहाडमा

**निकै कम मात्रामा खेती हुने यी जिल्लाहरूमा सरकारले अनुदानको व्यवस्था गरेको छ भने सिङ्गो देशलाई धान्ने अन्न बाली उत्पादन गर्ने तराई मधेशको एउटा जिल्लामा पनि अनुदानको व्यवस्था गरिएको छैन ।**

नेपाल सरकारको कृषि विकास मन्त्रालयले कृषि बाली, पशुपालन र पोषण सुधार सम्बन्धी अनुदान पहाडी जिल्लामा मात्र सीमित राखेको छ ।

कृषि विकास मन्त्रालयअन्तर्गतका कृषि तथा खाद्य सुरक्षा आयोजनाले साना अनुदानका लागि प्रस्ताव आह्वनमा सम्बन्धी सूचनामा पहाडका १९ जिल्लाले मात्र आवेदन दिन पाउने सूचना प्रकाशित गरेको छ ।

कृषि सबभन्दा बढी तराईमा हुने गरेको छ । तर, अनुदान पहाडका जिल्लामै सीमित गरिदिएको छ । कृषि विकास मन्त्रालयअन्तर्गतको कृषि तथा खाद्य सुरक्षा आयोजनाले आयोजना कार्यान्वयन भएको १९ जिल्लाअन्तर्गत जिल्ला कृषि विकास समितिबाट छनौट भएका १० गाबिसका किसान समूह, सहकारी तथा आमा समूहका लागि कृषि वाली, पशुपंछी पालन र पोषणसम्बन्धी प्रविधिमा साना अनुदान उपलब्ध गराउने घोषणा गरेको छ । उक्त १९ जिल्लामा छनौट भएका गाविसका किसान समूह, सहकारी तथा आमा समूहले २०७४ साउन २२ गतेसम्म जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय र जिल्ला जनस्वास्थ्य कार्यालयमा प्रस्ताव पेश गर्न सक्ने व्यवस्था गरिएको छ ।

आयोजनाको कार्यक्षेत्र मध्यपश्चिमाञ्चल विकास क्षेत्रका १२ जिल्लालाई समेटिएको छन् । मध्यपश्चिमाञ्चलका पहाडी हिमाली जिल्लाहरू मध्ये जुम्ला, डोल्पा, हुम्ला, कालिकोट, मुगु, रूकुम,रोल्पा, प्युठान, सल्यान, सुर्खेत, दैलेख र जाजरकोट रहेको छन् । जहाँ कृषि योग्य जमिनको अभाव रहेको छ । त्यस्तै सुदूरपश्चिमाञ्चल विकास क्षेत्र ७ जिल्लालाई मन्त्रालयले छानेका छन् । बझाग, बाजुरा, बैतडी, डडेलधुरा, डोटी, दार्चुला र अछाम जस्ता जिल्ला जुन उच्च पहाडी भेगमा पर्दछन् । निकै कम मात्रामा खेती हुने यी जिल्लाहरूमा सरकारले अनुदानको व्यवस्था गरेको छ भने सिङ्गो देशलाई धान्ने अन्न बाली उत्पादन गर्ने तराई मधेशको एउटा जिल्लामा पनि अनुदानको व्यवस्था गरिएको छैन ।

सरकारको यो रवैयालाई मधेशी बुद्धिजीविहरूले सरकारले हरेक सेवा सुविधामा मधेशसँग बेइमानी गरेको आरोप लगाउँछन् । उनीहरूको अनुसार सरकारल बिना अध्ययन र अनुसन्धानको अनुदान सम्बन्धी सुचना निकालिएको छ । प्रस्ताव पेश गर्न व्यवस्था गरिएको १९ जिल्लामा कृषिको लागि योग्य भएका तराईका एउटा जिल्ला पनि परेनन् । सरकारको यो निर्णयलाई कृषि क्षेत्रका जानकारहरूले विभेदकारी नीतिको विरोध गर्दै तराई मधेशमा पनि कृषिमा सरकारले अनुदानको व्यवस्थाको माग गरेको छ ।

**साना अनुदान अन्तर्गत प्रस्ताव पेश गर्ने क्षेत्रहरू**

क. कृषि वालीतर्फ :

खेती प्रणालीमा सुधार, उन्नत बिउको प्रसार तथा विस्तार, एकीकृत शत्रुजीव व्यवस्थापन, उन्नत कृषि यन्त्र तथा औजार (पावर टिलर, थ्रेसर) को उपयोग, हरितगृह, प्लास्टिक टनेल, कृषि वस्तु प्रशोधन-फलफूल तथा तरकारी प्रशोधन), घरायसी उत्पादित वस्तुको बजारीकरण, रष्टिक स्टोर, बिउ प्रशोधन र बजारीकरणका लागि छाप्रो निर्माण ।

ख. पशुपालनतर्फ :

पशु नश्ल सुधार, ठूलो दूध चिस्यान यन्त्र सञ्चालन, साना डेरी, बाख्रापालन, साना ह्याचरी स्थापना र सञ्चालन, कुखुरापालन, पशुदाना निर्माण र उत्पादन तथा पशु गोठ निर्माण

ग. पोषण स्थितीमा सुधारतर्फ :

सामुदायिक खाद्यान्न बैंकको स्थापना तथा संचालन, सर्वोत्तम पिठोजस्ता बस्तु उत्पादनका लागि सामुदायिक पिसानी केन्द्र संचालन, सुधारिएको चुल्हो, वायोग्यास प्लान्ट जडान तथा संचालन तथा महिलाहरूको कार्यबोझ कम गर्ने खालका अन्य स साना प्रविधिहरू

दरखास्त पेश गर्न मान्य संस्थाहरू :

क. किसान समूह र पशुपालन समूह र कृषि सहकारी

ख. आमा समूह (जिल्ला जनस्वास्थ्य कार्यालय वा महिला तथा वालवालिका कार्यालयबाट गठित एवं संचालित)

ग. गरिबी निवारण कोष अन्तगर गठित माथिका बिषय क्षेत्रसँग प्रत्यक्ष सम्बन्धित समूह ।



## सम्पादकीय



# रंगभेदी सरकार र चुनावको चटारो

मधेश विद्रोहले मधेशीलाई एउटा शक्तिको रूपमा स्थापित गरिदिएको छ । जनताको बलिदानको कारण अन्तरिम संविधानमा एउटा विश्वासको सुनिश्चितता भएको छ कि नेपाल संघीय राज्य हुनेछ । संघीय एकाईहरूमा मधेशमा एक वा त्योभन्दा धेरै प्रदेशहरू हुनेछन् ।

यसले सामान्यतया: विकेन्द्रीकरणको सुनिश्चितता गरेको छ जसले त्यहाँका स्रोतसाधनको प्रभावकारी उपयोग हुनेछ र अल्पसंख्यक मधेशी तथा आदिवासी जनतालाई राज्यको मूलधारमा ल्याउने छ । यो वास्तवमा सयौं वर्षदेखि शोषित, पीडित मधेशी र आदिवासी जनजातिहरूका समानताका लागि पहिलो पाइला हो । तर, निश्चय पनि नेपालका शासक जातिहरूका लागि पाच्य भएको छैन । किनकि उनीहरू सधैं यहाँका मधेशी र आदिवासी जनजातिहरूलाई हेप्न र शोषण गर्न चाहन्छन् ।

पहिलो संविधानसभामा शोषित, दमित वर्गलाई नयाँ संविधानमा समानुपातिक प्रतिनिधित्व गराउनतिर लाग्नुको साटो शासक जातिहरूले संविधानमा कहिल्यै सहमति गरेनन्, बरू संविधानसभाको म्याद बढाउनतिर मात्र लागे । यहाँका अल्पसंख्यकहरूबीच द्वन्द्व ल्याउने र फुटाउने दिशामा मात्र लागे ।

> **अधिकारबाट बञ्चित पारेर एकथान संविधान त लेखियो तर संविधानको घनिभूत रूपमा भइरहेको विरोध पनि शक्ति केन्द्रको जानकारीभन्दा बाहिर छैन ।**

र, दोश्रो संविधानसभामा शोषित र दमित वर्गको प्रतिनिधित्वलाई नाटकीय ढंगले कम गरिदिए जसलाई शासकहरूले आफ्नो सफलताका रूपमा लिएका छन् । तर, यसको अर्थ दोश्रो संविधानसभाले अन्तरिम संविधानले सुनिश्चित गरेको मधेशी, आदिवासी जनजातिको भावनालाई कमजोर बनाएको छ भन्ने होइन । मधेशी राज्यबिनाको संघीय नेपाल अकल्पनीय छ । यो भावना विपरीतको कामकारवाहीले रक्तपात मात्र निम्त्याउने छ ।

शदियौंदेखि राज्यको मधेशप्रति विभेदयुक्त व्यवहारले विश्वमा उठेका रंगभेदी संघर्षको अटूट श्रृँखलामा मधेश पनि उभिन बाध्य भएको छ । नेपालको वर्गीय राज्य सत्ताको अपरिवर्तनकारी व्यवहारले नेपालमा मधेशलाई रंगभेदको संघर्षमा धकेलिदिएको छ । सभ्य हुँदै आएको भनिएको नेपालको वर्गीय राज्यसत्तालाई मधेश अनुदार रूपमा अनुभव गरेकाले नेपाली लोकतन्त्रमाथि मधेशले प्रश्नचिन्ह उठाउनु स्वाभाविक हो ।

मधेशले अधिकार माग्न खोज्दा अझ राजनीतिक शिकंजामा कस्नु कुन किसिमको लोकतान्त्रिक व्यवहार हो ? आधी जनसंख्याभन्दा बढी जनताले माग गरेको अधिकारप्रति शक्ति केन्द्रहरू पनि मौन रहि शासकहरूलाई प्रोत्साहन दिनु भनेको नेपालमा ठूलो राजनीतिक भूँईचालोलाई आमन्त्रण दिनु हो । भोगेको अधिकार पनि कटौती हुनु मधेशलाई द्वन्द्वमा धकेल्नु हो ।

अधिकारबाट बञ्चित पारेर एकथान संविधान त लेखियो तर संविधानको घनिभूत रूपमा भइरहेको विरोध पनि शक्ति केन्द्रको जानकारीभन्दा बाहिर छैन । सत्तापक्षको उन्मादित कदम संघर्षलाई जन्मदिने आशंका खस वर्गीय शासक वर्गलाई होला अथवा नहोला, शक्ति केन्द्रलाई पूर्ण आभास हुनु पर्दछ ।

मधेशी पार्टीहरूसँग मधेशी जनताको अविश्वास बढाउने षड्यन्त्रमा लागेको राज्यको भरोसा क्षणिक रहने कुरा विगतको आन्दोलनले देखाइसकेको छ ।

मधेशका राजनीतिक अगुवाहरूको राजनीतिक सहिष्णुता, कार्य कुशलता, पारस्परिक सद्भाव आदिले आन्दोलनका लागि मधेशलाई पुनर्संगठन गराउन मद्दत मिल्ने कुरा बिर्सिनु हुँदैन । आन्दोलनको निरन्तरता आवश्यक छ । अगुवाहरू पारस्परिक भेदभावलाई हटाएर मितव्ययीता अपनाउनु पर्दछ । केही मधेशी दलहरू व्यक्तिगत लाभका खातिर मधेशको विरूद्ध देखिएका छन् । यस्ता दलहरू समयमै सच्चिनु पर्छ ।

## साताको सात बात



माओवादी केन्द्रको लाइन एक मधेश स्वायत प्रदेश कहिल्यै थिएन र हुँदैन पनि । मधेशमा सधैं स्वायत्त मधेश दुई प्रदेश हाम्रो स्पष्ट धारणा छ । – **पुष्पकमल दाहाल 'प्रचण्ड' (अध्यक्ष, माओवादी केन्द्र)**



पार्टी सभापति शेरबहादुरले राजाको हुकुमी शासनमा जस्तो मनोमानी तरिकाले पार्टी र सरकार चलाएका छन् । सरकारमा जाने मन्त्री चयनका लागि छुट्टै विधि र विधान भएपनि पार्टी सभापति देउवाले त्यसलाई लत्याएर आफ्नो मान्छेमात्र छानेका हुन् । **रामचन्द्र पौडेल (वरिष्ठ नेता, नेपाली कांग्रेस)**



प्रदेश नं. २ मा मधेशी समुदायको बाहुल्यता रहेकोले राजपा नेपाल र फोरम नेपालसँग चुनावी सहकार्य गरेर भएपनि मधेशको पहिलो पार्टी बन्छौं । – **विजयकुमार गच्छदार (अध्यक्ष, नेपाल लोकतान्त्रिक फोरम)**



एकै चरणमा प्रदेश र संसदको निर्वाचन होस् भन्ने एमालेको माग छ । तर सरकारले ढिलाढाला गरेर समय गुजार्ने षड्यन्त्र गरेको छ । – **भीम रावल (उपाध्यक्ष, नेकपा एमाले)**



मधेशमा सूक्ष्मरूपमा रहेका विखण्डनकारी शक्तिलाई परास्त गर्नका लागि राजपाको मागलाई नजरअन्दाज गर्न मिल्दैन । – **कमल थापा (अध्यक्ष, राप्रपा)**



कांग्रेस र कम्युनिष्ट पार्टीहरूले यो मुलुकको समस्या समाधान गर्न सकेको भए मुलुकमा १० वर्षे जनयुद्ध हुने थिएन, यत्रो लामो समयसम्म तराई-मधेशमा आन्दोलन हुने थिएन । – **जितेन्द्र देव (संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री)**



सरकार र निजी क्षेत्र नमिलेसम्म विकासले गति लिन सक्दैन । सरकारले निजी क्षेत्रलाई निश्चित सीमाभित्र रहेर सहयोग गर्नुपर्छ । अहिले सरकारी निकाय र निजी क्षेत्रले अलि बढी आशंका गर्ने अवस्था रहेकोले यसको अन्त्य गर्न जरूरी छ । – **शिवकुमार मण्डल (आपूर्तिमन्त्री)**

*प्रस्तुती : संगीता रेग्मी*

# निर्वाचन बहिष्कार र राजपा नेपाल



सन्तोष मेहता

> हाम्रो पछिल्लो आन्दोलनको स्वरूपले गर्दा राज्य कमजोर त भइसकेकै छ, अब अन्तिम धक्का दिनु आवश्यक छ । मधेशी, थारू, जनजाति, दलित, मुस्लिम, पिछडावर्ग तथा विभेदमा पारिएका समुदायले अधिकार, मान-सम्मान, पहुँच एवं प्रतिनिधित्व पाउने छन् । हाम्रो विजय सुनिश्चित छ ।

राजपा नेपाल संसदीय पद्धतिमा विश्वास गर्ने एक लोकतान्त्रिक पार्टी भएकोले निर्वाचनमा सहभागी हुन आतुर छ तर निर्वाचन केवल एक पक्षिय रूपमा निर्माण गरेको विभेदकारी संविधान लागु गर्ने उद्देश्यले अभिप्रेरित छ । असमान, अवैज्ञानिक र अपूर्ण ढंगले गठन गरिएको स्थानीय तह संस्थागत गर्ने ध्येय निर्वाचनको रहेको छ । संविधान निर्माण प्रक्रिया र संविधानलाई नै अस्वीकार गरे पनि सोही संविधानलाई घुमाउरो तरिकाले मधेशीलाई स्वीकार गराउनतर्फ बाध्य पार्न लक्षित छ । रूपमा स्थानीय विकाससँग सम्बन्धित स्थानीय तहको निर्वाचन देखिए पनि सारमा यो एक प्रकारले जनमत संग्रह हो । विभेदकारी संविधान स्वीकार गर्ने र नगर्ने बीचको जनमत संग्रह गराउन राज्यले खोजेको स्पष्टै छ ।

नेपालमा २० वर्ष पछाडि स्थानीय तहको निर्वाचन भए पनि किन राजपा नेपाल वहिस्कार गर्न बाध्य भयो भने कुराको चुरो बुझ्न संविधान निर्माण प्रक्रियाको पृष्ठभूमि बुझ्न आवश्यक हुन्छ । दोस्रो संविधान सभाको परिणामपछि कांग्रेस, एमाले र माओवादीबीच चारबुँदे सहमति भएको थियो । त्यो सहमतिले पहिलो संविधान सभाले सहमति गरिसकेका विषयहरू दोस्रो संविधान सभाले ग्रहण गर्ने व्यवस्था गरेको थियो । माननीय न्यायाधीश श्री गिरिश चन्द्र लालको एकल इजलासको फैसला बमोजिम सहमति भइसकेका विषय र अन्तरिम संविधानको भावनाअनुसार नै संविधान निर्माण गर्नु पर्ने सर्वोच्च अदालतको आदेश विपरीत प्रमुख दलहरूले १६ बुँदे सहमतिको नाममा बदल्नु रतिभर पनि लोकतान्त्रिक थिएन । अझ संविधान सभा नियमावली विपरीत 'सुपर फास्टट्र्याक' को नीति के विधिसम्मत थयो त ? संविधान सभाबाट संविधान निर्माण गर्नु भनेको आफैमा 'लङ्गट्र्याक विधि' हो ।

यसरी खेलको बीचैमा नियम परिवर्तन गर्नु भनेको भाँडभैलो गर्नु बाहेक अरू के नै थियो र ? यस अवस्थामा तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा (हालको राजपा) सँग खेल अर्थात संविधान सभा बहिष्कार बाहेक अरू कुनै विकल्प थिएन । रूपमा दोस्रो संविधान सभा भनिए पनि सारमा यो अर्कै संविधान सभा थियो, रूपमा सात वर्षमा एक थान संविधान निर्माण गरिएको भनिए पनि सारमा एक वर्षको आसपासमा अझ भनौं १६ बुँदे समझदारी पछि अर्थात ३ महिनामा संविधान निर्माण गरिएको हो । पार्टीको अघोषित ह्वीप लगाउने, कुरा नमान्नेलाई घोकेठ्याक लगाउने, यथास्थितिको मनोदशाबाट संविधान ल्याइएको छ, उल्टै ९०% को धङ्गधङ्गी दिइएको छ । संविधान सभाबाट संविधान निर्माण गरिएको जतिसुकै डंका पिटिए पनि संविधान निर्माणको प्रकृया विधिबाट दुनियाँले फतुर सावित गर्दै जानेछन् । संविधान निर्माण प्रकृयामै समावेश नभएका/नगराइएका तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा त्यसपछि निरन्तर आन्दोलनमा छ । विगतको आन्दोलन एवं जनताबाट लिएर आएको म्याण्डेट अनुरूप निर्माण हुन लागेको संविधानमा आफ्नो विचारसम्म राख्ने वातावरण नपाउने तथा पाएको सीमित उपलब्धि समेत खोसिने गरी तयार पारिएको संविधानलाई स्वीकार नगर्नु तत्कालीन मोर्चाको बाध्यता थियो । तर आश्चर्य तब भइरहेको छ कि उक्त विभेदकारी संविधान लागु हुने गरी, संस्थागत हुने गरी निर्वाचनको घोषणा गरिन्छ तवसम्म पनि संविधानको सर्वस्वीकारोक्तिको निम्ति कुनै ठोस प्रयास हुँदैन ।

अझै २-२ चरणको स्थानीय तहको निर्वाचन सम्पन्न गरिसक्दा पनि राजपा नेपाललाई संविधानको मूलधारमा ल्याउने रतिभर पनि प्रयास गरिएको छैन । मानौ राजपा आतंकारी संगठन हो, मधेशी शत्रु देशका नागरिक हुन ।

भएका सबै सहमति, वाचा एवं सम्झौताहरू उल्टाउने गरी भएको १६ बुँदे सम्झौतापश्चात निरन्तर रूपमा मोर्चा (हालको राजपा नेपाल) आन्दोलनरत् छ । जारी आन्दोलनमा विभिन्न नाकाकेन्द्रित अवरोध जस्ता आन्दोलन ६-६ महिनासम्म जारी रहे पनि जनताको पक्षमा सरकार रतीभर पनि सम्वेदनशील नदेखिनु तथा प्रमुख राजनीतिक दलहरू मधेशको मुद्दाप्रति कठोर एवं अनुदार हुनुले राज्य जसरी पनि मधेशी जनतालाई थकाउने, गलाउने जस्ता रणनीति लिएको प्रष्ट भएको छ । आन्दोलन सफलतातिर अघि बढीरहँदा शासकवर्ग अन्तिम पटक व्यापक दमन गर्ने गर्छन् । शोषक वर्गको यस्तो चरित्र हुनु स्वाभाविक पनि हो । तर, अन्ततः जनताकै जीत हुन्छ, शासक हार्दछ । संसारभरि यस्तै हुने गरेको छ ।

हाम्रा केही साथीहरू प्राप्त उपलब्धि रक्षा गर्न चुनावमा गएको भनेर दलिल दिँदै आएका छन् । हामीले शहीद, घाइतेको संख्या बाहेक के नै पो उपलब्धि हासिल गरेका छौ र ! के ती शहीदहरूका सपना र आन्दोलनले उठाएका मुद्दाहरू पुरा भए ? राज्य पुनर्संरचना उच्चस्तरीय सुझाव आयोगको प्रतिवेदनको आधारमा तराई-मधेशमा प्रादेशिक सीमांकन परिमार्जन, जनसंख्याको आधारमा स्थानीय तहको संख्या, निर्वाचन क्षेत्र निर्धारण एवं राज्यसभामा प्रतिनिधित्व, सबै अंगमा समानुपातिक समावेशी प्रतिनिधित्व, सेनामा मधेशीको समूहगत प्रवेश, नागरिकता समस्या समाधान एवं नागरिकको संवैधानिक पदाधिकारको समान अधिकार, बहुभाषिक नीतिसहितका मधेशका मुद्दा ज्यूँका त्यूँ छन् । यथास्थितिबाट राज्य र राजनीति उन्मुक्ति नपाओस् भनेर माओवादीसमेत परम्परागत पार्टीहरू हरसम्भव प्रयास गरिरहेका छन् । यस्तो परिस्थितिमा हामीसँग संघर्षको अलावा अरू विकल्प नै छैन । तसर्थ भावी संघर्षको निम्ति जारी आन्दोलनलाई अझ सशक्त प्रतिरोधात्मक बनाउनु जरूरी छ । महात्मा गान्धीले भन्नु भए जस्तै, शान्तिपूर्ण आन्दोलनको उच्चतम स्वरूप भनेको असहयोग आन्दोलन एवं सविनय अवज्ञा नै हो । जहाँ संगठित ढंगबाट राज्यलाई हरेक दृष्टिकोणले असहयोग गरिन्छ, राज्यको सम्पूर्ण आदेशहरूको अवज्ञा गरिन्छ, राज्यले मागेको कर तिरिँदैन, निर्धारण गरेको नियमहरू तोडिन्छन्, संयन्त्रहरूलाई निष्कृय एवं निष्प्रभावी बनाईन्छ र समग्रमा शान्तिपूर्ण ढंगबाट राज्यविहीन अवस्था सिर्जना गरिन्छ । शान्तिपूर्ण आन्दोलनको यो उच्चतम् रूप हामी जति सशक्त बनाउन सक्छौं, त्यति नै सफलताको नजिक हुन्छौं । त्यसका निम्ति स्थानीयस्तरमा प्रशिक्षित र संगठित भई योजनाबद्ध ढंगले अगाडि बढ्नु जरूरी हुनेछ । सहि विचार, रणनीति, कार्यनीति, ठोस योजना र कार्यक्रम आफैं कार्यान्वयन हुँदैन । बरू त्यसलाई दृढतापूर्वक कार्यान्वयन गर्ने पार्टी निर्माणमा ध्यान केन्द्रित गर्नु विशेषरूपले आवश्यक छ । राजपा नेपाल एकीकृत हुँदा तयार भएको ८०० भन्दा ठूलो संख्याको केन्द्रीय र १३० भन्दा धेरै संख्याको पदाधिकारी समिति कसरी व्यवस्थित गर्ने ? सर्वोच्च इकाई अध्यक्ष मण्डलमा रहेकाहरूको सामूहिक नेतृत्व भनिए पनि समान हैसियत आदीका कारण निर्णय प्रक्रियामा हुने ढिलाई एवं आलसीपनालाई कसरी चिर्ने ? एकपल्ट सुविधा भोगिसकेका नेतृत्व तह इकाई स्तरसम्म पुगी त्यो स्तरको संघर्ष गर्न तयार हुने कि नहुने वा सक्ने कि नसक्ने ? अलग-अलग पार्टी एक भए पनि एक पार्टी भित्र अलग-अलग समूहका नेता भइरहने कि समूहहरू भत्काउने ? आफ्ना कार्यदिशा एवं एजेण्डालाई प्रस्ट ढंगबाट जनजिविकासँग सम्बन्धित रहेर सरलीकृत गर्ने कि नगर्ने ? जस्ता चुनौती राजपा नेपालभित्र छ ।

तराई-मधेशका सम्पूर्ण मधेशी, थारू, जनजाति, मुस्लिम, दलित, पिछडावर्ग र तराईका पहाडीबीच मनोवैज्ञानिक एवं भावनात्मक एकता हुनु आवश्यक छ । मधेश आन्दोलन, राष्ट्रिय मुक्ति आन्दोलन भएको हुँदा तराई-मधेशका जनताबाहेक पहाडका आदिवासी जनजाति, दलितलगायत न्यायप्रेमी जनतालाई मुद्दाप्रति सहमत गराइँदै आ-आफ्नो क्षेत्रमा आन्दोलित हुन उत्प्रेरित गर्नु जरूरी छ । मधेशका मुद्दा अन्तर्राष्ट्रियकरण त भई नै सकेको छ । अब अझै राज्यको व्यवहार एवं आन्दोलन समेतलाई अन्तर्राष्ट्रियकरण गर्दै सरकारलाई विश्वबाटै एक्ल्याउनु जरूरी हुनेछ । राष्ट्रिय जनता पार्टी नेपाल मधेशीलगायत उत्पीडित जनताको प्रतिनिधि एवं ऐतिहासिक जिम्मेवार पार्टी भएको नाताले उपरोक्त ऐतिहासिक दायित्व एवं जिम्मेवारी हाम्रो काँधमा आइपुगेको छ । संविधान संशोधन नभएसम्म निर्वाचनमा सहभागी नहुने पूर्व अडान भएकोले आसन्न कथित प्रदेश नं. २ को निर्वाचन वहिष्कारको ठोस कार्य दिशा तय गरी जिवन-मरनको सवाल बनाई राजपा नेपालले विभिन्न कार्यक्रमहरू तय गर्नु जरूरी छ । पार्टीको र भातृ एवं सुभेच्छुक विभिन्न संगठनहरू पूर्ण रूपले परिचालन गर्नु जरूरी छ ।

वास्तवमा दोस्रो चरणको निर्वाचनमा सशक्त वहिस्कार हुन नसक्नु पछाडिको कारण राज्यले राजपा नेपाललाई रणनैतिक ढंगबाट फसाएकै हो । प्रचण्ड-देउवा सरकारले संविधान संशोधन हुन्छ, राजपा नेपालले उठाएको माग पूरा हुन्छ भनेर ढाटी रहे, आन्दोलनको घोषणा वा आन्दोलनको रणनीति तयार गर्नबाट रोकिराखे । राजपा नेपाललाई चुनाव बाहिर राख्ने षड्यन्त्रपूर्वक अन्तिम समयसम्म पनि संशोधन प्रस्ताव छलफमा लैजाने भनेर झुठो आश्वासन दिइरहे । मुद्दा वा संगठन के रोज्ने ? यसबाहेक पार्टीसँग रोज्ने अरू धेरै बाटाहरू थिएनन् अन्ततः पार्टीले मुद्दा रोज्यो । मुद्दा रोज्दा निश्चित रूपमा राजपा नेपालको संगठनमा केही धक्का लागेको छ, केही साथीहरू उम्मेदवार हुन तर्फ लागे, चुनावमा सहभागी भए तर, संघर्षशील साथीहरू चट्टानझै वहिस्कारको पक्षमा उभिरहे । केही व्यक्तिहरू त केवल चुनावका लागि मात्र राजनीति गरिरहेका हुन्छन् । जेसुकै होस् जस्तो अवस्था, व्यवस्थामा पनि उ चुनावमै जान चाहिरहेका हुन्छन् । तर, पार्टी/संगठन केवल चुनावी हुँदैनन्, संघर्षका लागि पनि हुन्छन् । मुद्दा जीवित रहे संगठन त रातारात पनि बन्छ । सिद्धान्त/मुद्दाका पछाडि संगठन हुन्छन्, संगठनका पछाडि सिद्धान्त/मुद्दा हुँदैनन् । विना मुद्दाको संगठन त भीड मात्रै हो जुन कुनै बेला पनि भत्किन सक्छ । अर्को कुरा चुनावमा जाने वा नजाने भनेको तत्कालीन परिस्थितिको उपज एवं रणनीति मात्र हुने रहेछ । यो लोकतन्त्र वा संसदीय पद्धतिसँग सम्बन्धित विषय पनि होइन पंचायतको प्रारम्भमा कांग्रेस एवं वाम पार्टीहरू चुनाव वहिस्कारको नीति लिए, पछि जनपक्षीय उम्मेदवार भन्दै चुनावमा पनि सहभागी भए, जबकि उनीहरू त्यस व्यवस्थासँग असहमत थिए । त्यसैगरी, संसदीय व्यवस्था भए पनि राजा ज्ञानेन्द्रले गराएको चुनाव वहिस्कार गरे, तसर्थ चुनावमा सहभागी हुनु वा नहुनु भनेको लोकतान्त्रिक आस्थाप्रतिको अनादर होइन, बरू चुनाव बहिष्कारको लोकतन्त्रमा विश्वव्यापी ठूलो अर्थ रहन्छ ।

मोर्चासँग पटक-पटक गरिएको सम्झौता, विगत १० वर्षदेखि जारी मधेशी-थारू, जनजाति आन्दोलनको उपलब्धि आदि संविधान निर्माण प्रक्रिया र अन्तरवस्तुसँग सम्बन्धीत थियो । यी सबैलाई बेवास्ता गरी विभेदकारी संविधान लागू गर्न राजपा नेपाल निर्वाचनमा जाने कुरै भएन, झन् अब मधेशको ८ जिल्लाको निम्ति मात्र केन्द्रित भएको तेस्रो चरणको चुनावमा यथास्थितिमै जानु भनेको मुद्दाको विर्सजन एवं आत्मसमर्पण गर्नु मात्र होईन, मधेश र राजपा नेपाल ८ जिल्लामा मात्र सीमित हुनु पनि हो । तसर्थ, यस अवस्थामा राजपा नेपाल चुनावमा जानु भनेको आत्महत्या गर्नु हो र राजपा नेपाल विनाको चुनाव पनि देश र मधेशका निम्ति विषाक्तयुक्त विषाणु सावित हुनेछ ।

हाम्रो पछिल्लो आन्दोलनको स्वरूपले गर्दा राज्य कमजोर त भइसकेकै छ, अब अन्तिम धक्का दिनु आवश्यक छ । मधेशी, थारू, जनजाति, दलित, मुस्लिम, पिछडावर्ग तथा विभेदमा पारिएका समुदायले अधिकार, मान-सम्मान, पहुँच एवं प्रतिनिधित्व पाउने छन् । हाम्रो विजय सुनिश्चित छ ।

**(लेखक, राजपा नेपालका प्रवक्ता हुन् ।)**

# निर्वाचनमा उच्चस्तरको सुरक्षा आवश्यक : प्रमुख आयुक्त



डा.अयोधिप्रसाद यादव

काठमाडौं । निर्वाचन आयोगका प्रमुख आयुक्त डा. अयोधीप्रसाद यादवले आसन्न स्थानीय तहको तेस्रो चरणको निर्वाचनमा उच्चस्तरको सुरक्षा आवश्यक रहेको बताएका छन् ।

आयोगका प्रमुख निर्वाचन आयुक्त डा. यादवले निर्वाचनका सम्पूर्ण क्रियाकलापहरूमा उच्च स्तरको सुरक्षा आवश्यक रहेको औंल्याउँदै सुरक्षाकर्मीहरूको मनोवल उच्च हुने किसिमले खटनपटनको व्यवस्था गर्न निर्देशन दिएका छन् ।

सुरक्षाकर्मी खटाउँदा महिला सुरक्षाकर्मी समेत पर्याप्त मात्रामा खटाउन र निर्वाचन आचार संहिता पालना गर्ने गराउने कुरामा समेत ध्यान पुऱ्याउन निर्देशन दिए । साथै, उनले दुई चरणमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा सुरक्षा निकायबाट प्रदान गरिएको उच्च स्तरको सुरक्षा व्यवस्था प्रति धन्यवाद समेत दिए ।

आसन्न स्थानीय तहको निर्वाचनलाई शान्तिपूर्ण तरिकाबाट सञ्चालन गर्नको लागि बुधबार उच्च स्तरीय सुरक्षा समितिको बैठक समितिका संयोजक आयुक्त सुधीर कुमार शाहको अध्यक्षतामा निर्वाचन आयोगमा बसेको थियो ।

सो बैठकमा आयोगका प्रमुख निर्वाचन आयुक्त डा. यादव, आयुक्तहरू इला शर्मा, नरेन्द्र दाहाल, इश्वरी प्रसाद पौड्याल तथा आयोगका सचिव महेश्वर न्यौपाने, गृह मन्त्रालयका सचिव लोकदर्शन रेग्मी सहित चारवटै सुरक्षा निकायका प्रमुख तथा वरिष्ठ प्रतिनिधिको उपस्थिति रहेको थियो ।

उक्त बैठकमा भरतपुर महानगरपालिकाको वडा नं १९ को पुनः मतदान र मतगणना लगायत २०७४ असोज २ गते सञ्चालन हुन गइरहेको प्रदेश नम्बर २ को स्थानीय तहको निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्नका लागि आयोगको तर्फबाट सुरक्षा निकाय प्रमुखहरूसँग सरकारले गरेको तयारी बारेमा जिज्ञासा राख्ने तथा सुझाव दिने कार्य भएको थियो ।

सुरक्षा निकायको तर्फबाट गृह सचिव लोकदर्शन रेग्मीले भरतपुर महानगरपालिका वडा नं. १९ को मतदान कार्य लगायत निर्वाचनको कार्यमा पर्याप्त सुरक्षा व्यवस्था मिलाइएको र प्रदेश नम्बर २ को निर्वाचनको लागि छिट्टै नै सुरक्षा योजना तयार गरी प्रस्तुत गरिने कुरा बताएका छन् ।

# संशोधन नभएसम्म चुनाव हुन दिन्नौं



**सत्यनारायण मण्डल**
**उपाध्यक्ष**
**राजपा नेपाल**

संविधान संशोधन विधेयक पास भएन, मन्त्री परिषदबाट पुरा गर्न सकिने मागहरू पुरा गरेन भने जुन प्रकारले हामीले पहिलो र दोस्रो चरणको निर्वाचनमा भाग लिएनौं र बहिष्कार गरेका थियौं त्यसरी नै तेस्रो चरणको निर्वाचन पनि बहिष्कार गर्छौं । कुनै पनि हालतमा हामी तेस्रो चरणको चुनावमा भाग लिर्दैनौं । एउटा अर्को कुरा के खुलासा गर्न चाहन्छौं कि चुनावको मात्रै बहिष्कार गर्दैनौं हामीले संसदबाट पनि सारा सांसदहरू राजिनामा दिएर आन्दोलनको आँधीबेहरी ल्याउँछौं ।

**० संविधान संशोधन प्रक्रियालाई सत्तारूढ दलले अगाडि बढाएको छ, यस संशोधन प्रक्रियाले राजपा नेपाल सन्तुष्ट छ ?**

– राजपा नेपाल अहिले पनि पूर्णरूपमा सन्तुष्ट छैन । किनभने नेपाली काँग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र यी तीनटै दल कुनै पनि हालतमा संविधान संशोधन प्रस्ताव पारित नगर्ने यिनीहरूको भित्री मनसाय हो । गणितीय हिसाबले हेर्ने हो भने राप्रपा अहिले सरकार बाहिर छ, संसदको जस्तो अवस्था छ त्यसमा राप्रपाको ३७ जना सांसद मतदान गर्दैन, एमाले बाहेक तबसम्म यो दोस्रो संविधान संशोधन विधेयक पारित हुँदैन । अब यस जोडघटाउमा काँग्रेस र माओवादी केन्द्र गठबन्धनले यी कुरामा गुणा भाग गरिरहेको छ । हामीहरू अहिलेसम्म पनि विश्वस्त छैनौं कि संसदमा मधेशका लागि पेश गरेको दोस्रो संशोधन विधेयक पास गर्छ भनेर । यी तिनटै पार्टीको भित्री मनसाय एउटै हो कि मधेशलाई अधिकार नदिने । राजपालाई कुनै पनि हिसाबले तेस्रो चरणको चुनावमा भाग लिन नदिने यिनीहरूको षड्यन्त्र हो । यो मनसायले यिनीहरू पहिलेदेखि नै मधेशलाई ललिपप देखाउँदै ठग्दै आइरहेका छन् । राजपा नेपाल अहिले पनि यिनीहरू माथि पूर्ण विश्वस्त छैन ।

**० अहिलेको संविधान संशोधन प्रस्तावमा कुन कुन विद्येयकहरू प्रक्रियामा अगाडि बढाइएको छ ?**

– तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको ११ बुँदे र संघीय गठबन्धनको २६ बुँदे मागको जो कम्पोजिट स्ट्रक्चर अफ डिमाण्ड छ त्यो वास्तवमा दोस्रो संशोधन विधेयकमा सबै छैन । हाम्रो सुरूदेखिको अडान के थियो भने आत्मनिर्णय सहितको एक मधेश प्रदेशको माग थियो त्यसमा हामीले संघर्ष गऱ्यौं । जसमा सरकारले हामीसँग सम्झौता गरेर उच्चस्तरीय आयोग बनाएर मधेशमा दुईओटा प्रदेश बनाउने भनेर भनिएको थियो । वीरगंजदेखि पूर्व एक र वीरगंजदेखि पश्चिम दुई प्रदेश भनेका थियौं । पछि आएर यिनीहरूले अहिले चाँहि ५१ प्रतिशत भएका मधेशी जनतालाई अलमलमा पारेर, धोका दिएर, गद्दारी गरेर दुई प्रदेशको अवधारणालाई पनि रद्दीको टोकरीमा फालेर बखेडाको कुरा गरिरहेका छन् । दुई प्रदेशको कुरालाई पनि यिनीहरूले थाँती राख्यो । यहि संविधान जसलाई माइतीघर मण्डलामा हामीहरूले जलाएका थियो त्यो संविधानको धारा २७४ ले नयाँ प्रान्तको संरचना खडा गर्ने भनेको अवरोधक आर्टिकल हो । यो धारालाई पनि यिनीहरू संशोधन गर्न मानेका छैनन् । जसले गर्दा यो एक मधेश दुई प्रदेशको अवधारणालाई पनि कुण्ठित पारेको छ । त्यस्तै जनसंख्याको अधारमा स्थानीय निकाय खडा गर्ने, जनसंख्याको अधारमा संसदमा खडा गर्ने, समानुपातिक समावेशी लागु गर्ने यी सारा कुराको कम्पोजिट स्ट्रक्चर दोस्रो संशोधन विधेयकमा छैन । दोस्रो संशोधन विधेयकमा जनसंख्या सम्बन्धी कुराहरू छ, नागरिकता सम्बन्धी छ, समानुपातिक समावेशीको कुराहरू मात्रै छ । यिनीहरूसँग बाँकीको मागहरूका लागि अनवरत रूपमा हाम्रो संघर्ष जारी नै रहने छ ।

**० संशोधन विद्येयक पारित भएन भने त्यसपछि राजपा नेपालको रणनीतिक बाटो के होला त ?**

– यो सरकारले दोस्रो संविधान संशोधन विधेयक पास गर्ला भनेर प्रतिवद्धता गरेको छ । अब संशोधन विधेयक पास गराउने जिम्मेबारी त उहाँहरूको हो नि । यो प्रश्न उनीहरूलाई जानु पऱ्यो कि तिमीहरूले संशोधन विद्येयक पास गराउँछौं भन्ने तर किन गराउन सकिरहेका छैनौं । हामीसँग सहमति गर्ने बेला उनीहरूले सोच्नु पर्ने थियो कि एमाले र राप्रपाले भोट देला कि नदेला, दुई तिहाई बहुमत पुग्ला कि नपुग्ला भनेर । हामीले त संशोधन प्रक्रिया पास नभएसम्म त आशावादी छौं ।

**० तर, संविधान संशोधन विधेयक प्रस्ताव पारित भएन भने राजपा नेपालले आन्दोलन गर्ने कि त्यसलाई स्वीकार गरेर चुनावमा जाने ?**

– यदि दोस्रो संविधान संशोधन विधेयक पास भएन, मन्त्री परिषदबाट पुरा गर्न सकिने मागहरू पुरा गरेन भने जुन प्रकारले हामीले पहिलो र दोस्रो चरणको निर्वाचनमा भाग लिएनौं र बहिष्कार गरेका थियौं त्यसरी नै तेस्रो चरणको निर्वाचन पनि बहिष्कार गर्छौं । कुनै पनि हालतमा हामी तेस्रो चरणको चुनावमा भाग लिर्दैनौं । एउटा अर्को कुरा के खुलासा गर्न चाहन्छौं कि चुनावको मात्रै बहिष्कार गर्दैनौं हामीले संसदबाट पनि सारा सांसदहरू राजिनामा दिएर आन्दोलनको आँधीबेहरी ल्याउँछौं । र कुनै पनि हालतमा हामी २ नम्बर प्रदेशमा चुनाव हुन दिर्दैनौं ।

**० संविधान संशोधन बाहेकका मागहरू पुरा भए राजपा नेपाल चुनावमा जान्छ त ?**

– शेरबहादुर देउवाको कुर्सी कसरी दश महिनासम्म टिकी रहन्छ, उसले कसरी कुर्सीमा टासिरन्छ त्यो स्वार्थ पुरा गर्नको लागि यस्तो हल्ला फिजाइएको हो । हामीसँग त्यस्तो कुरा गरेको छैन । हामीले त प्रष्ट भनेका छौ कि क्याबिनेटबाट पुरा हुने मागहरू र दोस्रो संशोधन विधेयक जबसम्म पास हुँदैन तबसम्म हामी कुनै पनि निर्वाचनमा भाग लिंदैनौं ।

**० राजपा नेपाल निर्वाचनमा सहभागि नहुँदा संगठन छिन्न भिन्न हुने खतरा बढेको देखिन्छ नि ?**

– म राजनीतिकर्मी हो । राजनीतिकर्मीले कहिल्यै पनि आफ्नो संगठन समाप्त हुन्छ भन्ने कुरा गर्दैन । किनभने पञ्चायती व्यवस्थामा नेपाली काँग्रेसले ३० वर्षसम्म चुनावमा भाग लिएन । अहिलेको स्थितिमा सबभन्दा बढी सांसद संख्या भएको पहिलो पार्टी नेपाली काँग्रेस नै हो । यो चुनाव अवधि पाँच वर्षका लागि मात्र हो । यो पाँच वर्षमा आकाश पताल हुँदैन र पताल आकाश हुँदैन । अर्को पाँच वर्षपछि फेरि चुनाव आउँछ नि । त्यसबेला कांग्रेस, एमाले र माओवादीको कु-कृतलाई जनता समक्ष राख्छौं । जनतालाई यी सबै कुरा बताउँछौ र यिनीहरू माथी हमला गर्छौं ।

**० राजपा नेपाल निर्वाचनमा सहभागि नभएपछि मधेशका जनताहरूले विकल्प खोज्ने अवस्था आउँछ नि ? यस्तो अवस्थामा राजपा नेपाल के गर्ला त ?**

– हेर्नुस, यो जनताको कुरा हो । नेपाली कांग्रेस ३० वर्ष चुनावमा भाग लिएन, त्यतिबेला पनि नेपाली कांग्रेसका कोही-कोही मान्छेहरूले चुनावमा लिन्थे । म के भन्न चाहन्छु भने राजपा नेपाल भाग नलिँदैमा राजपाको संगठन ध्वस्त हुदैन । पाँच वर्ष मात्र चुनावमा नजाने कुरा हो नि ।

**० राजपा नेपालले प्रमुख प्रतिपक्षी नेकपा एमालेसँग पनि वार्ता गरिरहेको छ भन्ने सुनिन्छ नि ?**

– हेर्नुस्, नेकपा एमाले पनि नेपालकै राष्ट्रिय पार्टी हो । राजपा नेपाल पनि नेपालकै एउटा पार्टी हो । अब पार्टी-पार्टी बीच संबाद हुने वा नहुने ठूलो बहसको विषय हो । दोस्रो संशोधन विधेयकको बारेमा नेकपा एमालेसँग अनौपचारिक रूपमा कहीकतै कुरा भएको होला त्यो भिन्न कुरा हो । तर राजपा नेपालको औपचारिक रूपमा नेकपा एमालेसँग कुरा भएको छैन ।

**० अहिले फेरि एक मधेश प्रदेशको माग राख्दै मातृका यादवको नेतृत्वमा एउटा संगठन खडा भएको छ । जसमा राजपा नेपालका अध्यक्ष मण्डलका सदस्य महेन्द्र प्रसाद यादव पनि सहभागि हुनुहन्छ, यसमा तपाईको धारणा के छ ?**

– सुरूमा जति पनि मधेशवादी दलहरू थिए ती सबैका एजेण्डा एक मधेश एक प्रदेश नै थियो । तर जुन देशमा हामी बाँचिरहेका छौँ त्यो देशको सरकारले अमन, चयन, शान्ति, द्रूतगतिमा विकास चाहेको छैन । यो सन्दर्भमा उच्च स्तरीय आयोग गठन भएको थियो त्यसले मधेशमा दुई प्रदेश हुनु पर्छ भनेर भनेका थिए । त्यसपछि हामीले दुई प्रदेशको मान्यता दिएको हो । तर सुरूमा हामीहरूको माग आत्म निर्णय सहितको मधेश प्रदेश नै थियो ।

**० विजयकुमार गच्छदारले राजपा र फोरम नेपालसँग मिलेर महागठबन्धन बनाएर चुनावमा जाने र बहुमत ल्याएर संविधान संशोधन गर्ने भन्नुभएको छ, यसमा तपाईको धारणा के छ ?**

– विजयकुमार गच्छदारजी सत्तावादी नेता हो । तर राजपाको के सिद्धान्त छ कि जुन मुद्दा बोकेर राजपा पार्टी अगाडी बढिरहेको छ त्यो एजेण्डा पुरा नभएसम्म छोडेर हिड्ने खालको होइन । त्यहीं भएर सत्तामा बसेर विजय गच्छदारजीले हामीलाई राजनीति सिकाउनु पर्ने आवश्यता छैन । तर मधेशको मुद्दा कसरी सम्बोधन हुन्छ त्यो अभियानमा विजय गच्छदार र उपेन्द्र यादव सहभागी भयो भने हामी उहाँहरूलाई स्वागत गर्छौं । तर उहाँहरूले सत्ता छोड्नु पर्छ र बिना संशोधनको चुनाव बहिष्कार गर्नु पर्छ । हामीले चुनावमा कहिल्यै भाग नलिने कुरा गरेको होइन तर हामीलाई चुनावमा जाने वातावरण त पहिले सरकारले बनाई दिनु पऱ्यो नि ।

*(मधेशवाणीका लागि विजय यादवले गरेको कुराकानीको सम्पादित अंश)*

# माओवादीहरू एक ठाउँमा आउनुपर्छ

परिवर्तनकारी शक्ति त माओवादी नै हो । नयाँ शक्ति भनेको कुनै नयाँ शक्ति होइन, नयाँ विचार होइन । नेपालमा मात्र होइन विश्वकै राजनीतिक घटनाक्रम हेर्ने हो भने सबैभन्दा पछिल्लो चरणमा वैज्ञानिक विचारवाद भएको माओवाद नै हो । यो हिसाबले नयाँ विचार भनेको माओवाद नै हो । यसअर्थमा माओवादी रहुन्जेलसम्म माओवादीले माओवादलाई नछोडेसम्म जनताले हामीलाई पत्याइरहन्छ ।



**उमेशकुमार यादव**
**पूर्वमन्त्री तथा नेता**
**नेकपा माओवादी केन्द्र**

**० तपाईँहरूले केन्द्रीय समितिको संख्या घटाउने निर्णय गर्नुभयो । यसका साथै कार्यकारी राष्ट्रपति प्रत्यक्ष निर्वाचित हुनुपर्छभन्ने एजेण्डालाई प्राथमिकता दिनुभएको छ । त्यसकारण नयाँ शक्ति एकताका लागि तपाईंहरूप्रतिसकारात्मक पनि देखिन्छ । यस विषयमापार्टीभित्र केही कुरा भएको छ ?**

– सबैभन्दा पहिले माओवादी केन्द्रका सम्पूर्ण माओवादीका घटकहरू एकठाउँमा आएर एकीकृत भएर अगाडि बढ्नुपर्छ । त्यसरी जाँदा मात्र जनआन्दोलन, मधेश विद्रोहलगायतका उपलब्धि रक्षा र संस्थागत गरी अगाडि बढ्न सकिन्छ भन्ने हाम्रो पार्टीको मान्यता छ । यस अर्थमा माओवादी आन्दोलनबाट अलि टाढा पुग्नुभएका बाबुरामज्यू लगायत नयाँ शक्तिमा आबद्धहरूलाई पनि एकीकृत गर्नुपर्छ भन्ने माओवादी केन्द्रको मान्यता छ । वैद्य लगायत अन्य माओवादीका घटकहरू एकीकृतमा रहनुपर्छ पर्ने हाम्रो मायन्ता हो ।

**० अब दुई चरणको चुनाव सकिएलगत्तै तपाईहरूको पार्टीको अध्यक्षबाट पनि पटक–पटक अभिव्यक्ति आएको छ किमाओवादीसँग टाढा बसेका अन्य घटकहरू एक ठाउँमा आएर एकबद्धता गरौं। भनेपछि चुनावको परिणामले यो कुरा बोल्न बाध्य बनाएको हो माओवादीलाई ?**

– दोस्रो संविधानसभाको निर्वाचन सँगसँगै एउटा के कुरा स्थापित भयो भने फुटेर जानेहरू पनि आफ्नो फुटको औचित्य साबित गर्न सकेनन् । अर्कोतर्फ हामी यो चुनावमा गयौं, तर हामी पनि जित्न सकेनौं । अर्थात हामी तत्कालीन एकीकृत नेकपा माओवादी पनि चुनावमा जित्न सकेनौं । अहिले दुइतिहाइ ल्याउछौं भनेर चुनावमा गएका थियौं। तर, पहिलाको भन्दा पनि एक तिहाइमा झर्न बाध्य भयौं । अर्को कुरा उहाँहरूले बहिस्कार गर्छौं भनेर हिड्नुभएको थियो । त्यो कुरा पनि जनताले पत्याइदिएनन् । माओवादीहरू फुट्दा कसैलाई हित नगर्ने कुरा दोस्रो संविधान सभा चुनावले नै स्थापित गरिदिएको थियो । स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचनले त झन् यो कुरालाई पुष्टि मात्र गरेन जनताहरूले आदेश दिए तिमीहरू मिल । तिमीहरू कसैको भविष्य छैन तिमीहरू देश र जनताका लागि मिल्नै पर्छ । महान जनयुद्धबाट प्राप्त उपलब्धिहरूलाई रक्षा गर्ने, संस्थागत गर्ने र त्यसपछि अगाडि बढ्नका लागि सम्पूर्ण माओवादीहरू मिल भन्ने जनताको जनाआदेश पनि हो ।

**० माओवादीले यसपालिको स्थानीय चुनावमा पनि तेस्रो स्थान हासिल गरेको छ। यस्तो अवस्थाको कारण टुटफुट नै हो कि एजेण्डाहरू बर्सिदा यस्तो भएको हो ?**

– पार्टीले सम्प्रेषण गरेका कुरा यहाँहरूलाइै थाहा नै छ । दोस्रो संविधान सभाबाट संविधान बनाउने बेलामा हामीले फरक मतहरू राखेका थियौं। ती फरक मतहरूलाई जनताका बीचमा स्थापित गर्न अथवा सम्झाउन सकेनौं । सम्झाउन नसक्दा हाम्रा विपक्षीहरूले माओवादीविरूद्ध भ्रमहरू पनि छरे र षड्यन्त्र पनि गरे । एजेण्डाको कोणबाट हाम्रा विचारहरूलाई जनतासमक्ष पुऱ्याउनका लागि जसरी संगठन प्रक्रिया सक्रिय हुनुपर्थ्यो त्यो हाम्रो विभाजन, भद्दा संगठनले समस्याहरू देखा परे । हामीले यसकारण मर्जवादी प्रतिस्पर्धालाई हामीले त्यही कोणबाट परिचालन गर्न सकेनौं र त्यही कारणले पनि हाम्रो कमजोरीको पाटोमा रह्यो र अर्को हामीले सामूहिक ढंगले निर्णय गर्नेसहित थुप्रै कारणहरूले गर्दा माओवादी पार्टीले जसरी अपेक्षा गरेको थियो । त्यसरी रिजल्ट ल्याउन सकेन। तर पनि हामीले धेरै ठाउँमा थोरै मत अन्तरले दोस्रो ठाउँमा झर्न पुग्यौं ।

**० विगतका कमिकमजोरी हटाउन के-के उपाय अपनाउँदै हुनुहुन्छ ?**

– पहिला कुरा त जुन रोग लागेको छ त्यो रोगको कारणले हामी फुटिन बाध्य भयौं । त्यही रोग नै मुख्य हो । कुनै पनि बस्तीको बिनाश र विकासका लागि आन्तरिक कार्य मुख्य हुन्छ र बाहिरी कार्य सहायक हुन्छ । हामी यो स्थितिमा आउनु आन्तरिक कारण नै प्रधान हो र बाहिरी कारण सहायक हो । त्यस कारण हाम्रो आन्तारिक कारण नै सुदृढ बनाउने आवश्यकता हो । त्यही क्रमबाट दुई अंकभन्दा बढीको केन्द्रीय समिति नबनाउने निर्णमा हामी पुग्यौं । केन्द्रीय समितिमा पुगेका एजेण्डाहरू नयाँ होइनन् । ती एजेण्डाहरूसहित पूर्णसमानुपातिक निर्वाचन प्रणालीलगायतमुद्दा थाँती राखेका थियौं। ती कुराहरूलाई फरक मत दर्ज गरेर संविधान सभा निर्माण प्रक्रियामा सहभागी भएका थियौं । अब संविधानमा फरक मतहरू केके छन् त्यसलाई राजनीतिक ऐजेण्डामा राखेका छौं । हामी कांग्रेस र एमाले भन्दा के मामलामा भिन्न छौ भन्ने कुरा तअनुहारले छुट्टिने होइन । हाम्रा एजेण्डाले छुट्टिने हो । जे एजेण्डा फरक मतसहित हामीले दर्ज गरेका छौं, ती फरक मतहरू जनताका बीचमा लैजाने र त्यसलाई जनताले अनुमोदित गऱ्यो भने लागूगर्नुपर्छ। ०६२/६३ को जनादेशलाई हामीले बिर्सेका छैनौ । त्यसलाई जनमतमार्फत क्रमिक ढंगले पूरा गर्दै जानेछौं।

**० माओवादीले एजेण्डाहरू छाडे भनेर डा.बाबुरामसहितका नेताहरू तपाईंहरूबाट अलग भए । त्यति मात्र होइन तपाईंहरू नामका लागि मात्र परिवर्तनकारी हुनुहुन्छ भनेर आरोपसमेत लाग्यो । तर, अब एजेण्डा मिल्ने भएपछि छाडेर गएका तपाईहरूका साथीहरू आउनेमा कत्तिको विश्वस्त हुनुहुन्छ ?**

– परिवर्तनकारी शक्ति त माओवादी नै हो । नयाँ शक्ति भनेको कुनै नयाँ शक्ति होइन, नयाँ विचार होइन । नेपालमा मात्र होइन विश्वकै राजनीतिक घटनाक्रम हेर्ने हो भने सबैभन्दा पछिल्लो चरणमा वैज्ञानिक विचारवाद भएको माओवाद नै हो । यो हिसाबले नयाँ विचार भनेको माओवाद नै हो । यसअर्थमा माओवादी रहुन्जेलसम्म माओवादीले माओवादलाई नछोडेसम्म जनताले हामीलाई पत्याइरहन्छ । यो बीचमा हाम्रा वैरीहरूले, विरोधीहरूले, प्रतिद्वन्दीहरूले माओवादीहरूले एजेण्डा छोड्यो कि भन्ने भ्रम फैलाइरहेका छन् । त्यो भ्रमहरूलाई जति जति चिर्न सक्छौं, त्यो भ्रमबाट भ्रमित भएका अग्रज व्यक्तिहरू एकीकरणको प्रक्रियामा आउनेछन् । त्यही क्रममा नयाँशक्तिका अग्रणी नेताहरू त्यो महान जनयुद्धको समयमा आफ्नो त्याग तपस्या र बलिदान सहित राजनीतिक आन्दोलनमा होमिएका थिए। हामीहरू ठीक एकै ठाउँमा आउछौं । हाम्रो यो प्रक्रियाले उहाँहरूलाई पनि ऊर्जा थपेको छ ।

**० पहिलो र दोस्रो चरणको चुनावको परिणाम तपाईहरूले अपेक्षा गरेअनुसार आएन । यस्तो अवस्थामा माओवादी र नयाँ शक्तिबीच एकीकरणका लागि केही प्रयास भएको छ ?**

– दुई नम्बर प्रदेशको स्थानीय निर्वाचनको सन्दर्भमा केही दिनमा प्रदेशस्तरीय बैठक हुँदैछ र स्वभाविक रूपमा दुई नम्बर प्रदेशमा पार्टीलाई कसरी सुदृढ पार्ने भन्ने कुरामा हामी गम्भीर छौं ।

**० नेपालमा केही वर्षदेखि सरकार अस्थिर हुने गरेको छ । जसले गर्दा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्ने भन्ने कुरा तपाईहरूलाई महशुस भएको हो ?यो कुरालाई कागजमा मात्र सीमित नराखी यसलाई ठोस रूपमा अगाडि बढ्नुहन्छ ?**

– हाम्रा ऐजेण्डा पहिलादेखि नै ठोस हुन् । यस एजेण्डालाई कहिले पनि छाडेका थिएनौं । हामीले संविधानसभामा राखेका सम्पूर्ण एजेण्डाहरू समेटेको भए फरक मत राख्नु नै पर्दैन्थ्यो । तत्कालका लागि संविधान निर्माण गर्न थोरै मुद्दाहरू सहमति भए ती मुद्दाहरूलाई सहमतिका साथ अगाडि बढायौं बाँकी मुद्दाहरू थाती राखेका थियौं । ती सम्पूर्ण मुद्दाहरू जनताको बीचमा लैजान्छौं । यो हाम्रो स्थानीय तहको निर्वाचनमा कम मत आयो या बढी मत आयो भनेर उठाउने छोड्ने कुरा होइनन् । ती हाम्रा पार्टीभित्रका रणनीतिक ऐजेण्डाहरू हुन् । रणनीतिक एजेण्डा भएकाले यसलाई छोड्ने त कुरै भएन ।

**० शासकीय स्वरूपको राष्ट्रपति प्रणाली किन आवश्यक छ ? यसका सकारात्मक पक्षहरू केके होलान् ?**

– एउटा सरकार अस्थिर हुनु, अहिलेका जुन राष्ट्रपति छन् उसैलाई कार्यकारी प्रमुख बनाइनुपर्दछ, उसैमा अधिकार केन्द्रीत हुनुपर्दछ र अहिलेको जो भुपरीवेष्ठित स्थिति छ । यस बीचको अन्तरविरोध छन् ति सबै कारणले गर्दा यहाँ कार्यकारी प्रमुख जनताबाट निर्वाचित हुनु पर्दछ । कुनै संसदीय व्यवस्थाले जनतालाई हित गर्दैन ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

# विभेदको नीति त्याग गरे मात्र देश बन्छ



डी.जे.मैथिल

नेपालकै समथर भूमि मधेशमा बसोबास गर्ने मधेशी मूलका नेपाली नागरिक गैरनेपालीपनको अनुभव गरिरहेमा कुरा यथार्थ नहोला भन्न सकिन्न । यस प्रकारको भावना आखिर कसरी उब्जियो, यस विषयमा हामी गम्भीर हुन सकिरहेका छैनौ । नेपाली नागरिक सरहको अधिकार मात्र गर्नु के अपराध हो त ? अपराध नै हो भने त मेरो भन्नु केहि छैन । तपाई अघाएर बसिरहनुस् तपाइको ढुकारको गन्ध सुँघन कोही आउँदैन ।

हो, साच्चिकै माग्नु जायज हो भने, फेरि पशुपति पुग्नका लागि रत्नपार्कबाट भैसेपाटी किन जानुपर्‍यो ? कतिपय सत्ताधारी नेताहरू त्यसरी नै भनेर आलटाल गर्दै समय बर्बाद गरिरहेका छन् । मधेशीमा कतिपय मागहरू पुरा पनि भयो कागजमा तर व्यवहारमा लागु भएनन् । यसका उदाहरण, राजनीतिक नियुक्ति गर्दा समान अधिकारको आधार किन प्रयोग भएको छैन । देशमा ५० वटा आयोग घटिमा होला त्यसमा २५ वटा मधेशी छन् त ? २० वटा राजदूत नियूक्त भएको होला त्यसमा १० वटा मधेशी छन् त ? विश्वविद्यालयहरूमा उपकुलपति कति मधेशी छन् ? प्रमुख जिल्ला अधिकारीमा मधेशी कती छन् त ? लाजमर्दो अवस्था छ, माग भनेको यही नै हो ।

यी मागहरू पुरा भइदियो भने मधेशीको माग पुरा भएको अनुभूति गर्न सकिन्छ । हुन त यसबाट ठोस निकाश निस्कदैनन् । यसका लागि राजनीतिक आधार बन्नु पर्दछ । देशमा समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण हुनुपर्दछ । विराटनगरमा एउटा नगरप्रमुखका लागि पाँचलाख मतदाता रहेका हुन् भने पोखरामा पनि त्यति कै हुनुपर्दछ । महोत्तरी जिल्लाको वथनाहा गाउँको एउटा वडामा पाँचहजार मतदाता रहेका हुन् भने त्यतिकै संख्या सिन्धुलीको भद्रकालीमा पनि हुनुपर्दछ । तर त्यसो छैन । भद्रकालीको एक वडामा हजार संख्या पनि रहेको छैन । एउटा उम्मेदवार जित्नका लागि मधेशमा पाँच हजार मत चाहिन्छ तर पहाडमा पाँचसय भए पुग्छ । यो असमानता अनुचित भएन र ? एउटै देशभित्र दुई खालको नियम किन ? देशको संविधान एउटै हो भने नियम दुईखालको किन ? यही विषयहरूका पक्षमा मधेशी दलहरू संघर्षरत छन् । न्याय माग गर्दैमा मधेशी अपराधी हुन्छ ? मधेशमा रहेका थारू, मुस्लिम, दलित, गैरदलित सबैका लागि राजनीतिक दलहरूको संघर्ष गर्दै आएका छन् । कुनै एक समुदायका लागि मात्र होइन ।

अधिकारका लागि मधेशीहरू वर्षौंदेखि संघर्ष गर्दै आएका छन् । सयभन्दा बढीको ज्यान गुम्यो, हजारौं अपाङ्ग भए तर हालसम्म निकास कुनै आउन सकेनन् । केही वर्षसम्म नेपाल सद्भावना पार्टीले अधिकारका लागि संघर्ष गर्दै थाके । त्यसपछि मधेशी जनअधिकार फोरमको जन्म भयो । भीषण आन्दोलन भयो । त्यही बीचमा फेरी तमलोपाको जन्म भयो । छ महिनाको आन्दोलन भयो । फेरी मधेशीले सहायता दिए । ६ महिनाको आन्दोलनको स्वरूप हेर्दा सम्भवतः संसारमै पहिलो किसिमको भन्न सकिन्छ जहाँसम्म मलाई ज्ञात छ । तैपनी शाषक वर्गले यसलाई नजरअन्दाज गरे । हाम्रै नेपाली जनताको आन्दोलन रहेको, हाम्रै जनताको ज्यान गुमेको अनुभव नेपाल सरकारले गर्न सकेन । फलस्वरूप आजसम्म आन्दोलन जारी नै रहेको छ । अहिले ६ वटा मधेशीदलहरू मिलेर एउटा दल बनाउन बाध्य भए तर लोकतान्त्रिक फोरम र समाजवादी फोरम भने एकताको सुत्रमा बाँधिएनन् । मधेशमा मुलत : पाँच शक्ति देखिएको छ । तीन शक्ति लोकतान्त्रिक धारमा छन् । एक शक्ति भूमिगत रूपमा छन् भने अर्को शक्ति मधेश स्वराज पक्षमा अर्धभूमिगत । स्पष्ट के छ भने नेपालका शाषक वर्ग यिनलाई नजरअन्दाज गरेर देश चलाउन सक्दैनन् ।

पहाडी समूदायमा चेतनाको अभाव छ अथवा बुझ पचाएर बसेका छन् । देश असफल भइसकेको कुरा तिनलाई थाहा छैन । मधेशको आठ जिल्लामा सरकारले चुनाव गराउन आँट गरिरहेका छैनन् । जनताको भावमा बुझ्ने प्रयास गरिरहेका छैनन् । सबैनेपाली जनतालाई समान अधिकार हुनुपर्दछ । राज्यले मधेशी पहाडी भनेर असमानताको भावना राख्नु भएन । राज्य चलाउने उच्चस्तरीय समूहमा ९५ प्रतिशत एउटै समुदाय भित्रका हुन् । अन्य समूदायलाई अवसर दिन सकेका छैनन् । २१ औं शताब्दीमा पनि यस किसिमको व्यवहार देखेर मलाई आश्चर्य लागिरहेको छ ।

मधेशीले के मागिरहेका छन् ? किन नबुझेको हालान् ? पहाडको स्थानीपय निकायमा पाँचसय मतदाता र मधेशको उस्तै विषयमा पाँच हजार मतदाता । यो असमानता आखिर किन ? समान व्यवहार भइदियो भने ६०० सांसदमध्येमा ३०० मधेशी र ३०० पहाडी रहने छन् । यहि नै अधिकारको मूल तत्व हो । यो कुरा भइदियो भने विवाद नै रहदैन । राज्यको तर्फबाट राजदूत वा राजनीतिक नियूक्तिमा ५०/५० भइदियो भने विवाद टुङ्गि हाल्छ । कुनै कामका लागि यदी मधेशी योग्य छ भने तिनलाई आखिर किन पन्छाउनु पर्थ्यो ? यो कुरा पहाडी समुदायमा एकछत्र शाषकवर्गले किन बझिदिएनन् ? दु:ख र पीडाको जड यही हो ।

यही कुरा बुझिदियो भने देश आज देखि शान्तिको मूल धारमा आउछ । शान्तिपूर्वक चुनाव सम्पन्न हुनेछ । मधेशी पहाडी बीच विभेदको अनुभव कसैले गर्दैनन् । देश विकासको बाटोमा लाग्छ । बुद्ध र सीताको यो देश संसारकै राम्रो देश बन्न सक्छ । जलस्रोतमा धनी यो देश स्वीटजरल्याण्ड बन्न सक्छ । सम्पूर्ण नेपाली जनतामा सुखशान्तिको अनुभव हुनेछ । विवादको जड के हो त्यसलाई चिनिनु पर्दछ । देशमा १६५ संसदिय क्षेत्र राख्ने भनिएको छ । त्यसमा ८५ निर्वाचन क्षेत्र मधेशमा हुनुपर्दछ । स्थानीय निकायहरू जनसंख्याको आधारमा ५०/५० को दरले पहाड र मधेशमा हुनुपर्दछ ।

म स्वयं सत्ताधारी पार्टीमा सदस्य रहेको छु । मैले सत्तापक्षको माला जपे हुन्थ्यो तर यो मैले गर्न सक्ने अवस्थामा छैन । म एउटा कलम चलाउने व्यक्ति पनि हुँ । मेरो नैतिकता र लेखन धर्म भएकोले सहि कुरा लेख्नु मेरो दायित्व हो । सत्य के हो त्यस तर्फ आउने प्रयास गरेको छु ।

मेरो विचारमा सरकारले मधेश हाम्रै हो भनेर त्यहाँको पीडा बुझिदिनु पर्दछ । भेदभावको जड के हो त्यसलाई हटाइदिनु पर्दछ । मधेशीदलहरू बीच विभेद श्रृजना गराएर सत्तामा बचाउने खेलमा लाग्नु भएन । हामी सबै नेपाली नागरिक नेपाल आमाकै सन्तान हौं । पहाडी समुदाय एक हुन सक्छ भने मधेशी समुदाय एक हुन सक्दैन ? अहिले ठाकुर, गच्छदार र यादवमा तत्काल एकरूपता नभए पनि कुनै दिन एकता नहोला भन्न सकिन्न । त्यो भइदियो भने अथवा अकाल्पनीय निर्णय भइदियो भने देशमा दुर्भाग्यबस भूमरीमा फस्ने छ । यसमा दोषी सत्ताधारी पक्ष हुनेछ ।

अधिकारका लागि मधेशीहरू वर्षौंदेखि संघर्ष गर्दै आएका छन् । सयभन्दा बढीको ज्यान गुम्यो, हजारौं अपाङ्ग भए तर हालसम्म निकास कुनै आउन सकेनन् । केही वर्षसम्म नेपाल सद्भावना पार्टीले अधिकारका लागि संघर्ष गर्दै थाके । त्यसपछि मधेशी जनअधिकार फोरमको जन्म भयो । भीषण आन्दोलन भयो । त्यही बीचमा फेरी तमलोपाको जन्म भयो । छ महिनाको आन्दोलन भयो ।

अत : सत्तामा बस्ने माननीय ज्यूहरूलाई आग्रह गर्न चाहन्छु । चेतावनी नै दिन चाहन्छु । बेलामा होस गर्नुहोस् देश बचाउन चाहेको हो भने भुल दोहोर्‍याउने काम नगरौं । मधेशीले अठाएका माग कुनै अनुचित होइन । मधेशीले आफ्नै लागि आन्दोलन गरेका होइनन् । समग्र पीछडिएका जनताहरूका लागि आवाज उठाएका छन् । नेपालीपनमा समानता आओस् त्यही चाहेका हुन् । एकल जात, एकल भाषा र एकल समुदायको स्वार्थ त्यागेर देशको हीतमा काम गरौं, यही मेरो निवेदन छ ।

*(लेखक, नेपाल लोकतान्त्रिक फोरमका उपाध्यक्ष हुन् ।)*

# जनकपुर-जलेश्वर सडखण्डको अवस्था जर्जर

धिरेश दत्त



जनकपुरधाम । जनकपुर-जलेश्वर सडखण्डको अवस्था अझै पनि जर्जर नै रहेको छ । नेपालका सरकारका तत्काली मन्त्रीले सडक पुनर्निमाणका लागि शिलान्यास गरेको एक वर्ष बितिसक्दा पनि काम सुस्त गतिमा रहेको छ । जनकपुरबाट जलेश्वर भिट्ठामोडसम्म दिनहुँ सयकडौ गाडी गुड्ने गरेका छन् । तर, बाटोको अवस्था हेर्ने हो भने जस्ताको त्यस्तै रहेको छ । सडकको बिच बाटोमा ठुलठुल्ला खाल्डाखुल्डीहरू जस्ताको त्यस्तै रहेका छन् । त्यसमा पनि अहिले पानी पर्नाले खाल्डाखुल्डीहरूमा पानी भरिएका कारण दिनहुँ सडक दुर्घटना हुँदै आइरहेको छ ।

जलेश्वरमा कार्यरत एक कर्मचारीका अनुसार जनकपुरबाट जलेश्वर आवतजावत गर्न अहिले दिनहुँ दर्जनौं यात्रुहरू दुर्घटनामा पर्ने गरेका छन् । त्यस्तै एक यात्रुका अनुसार जनकपुरबाट सुरसण्ड लताकपडा किन्नका लागि जाँदै गर्दा बिगही पुलनिर मोटरसाईकलबाट उनको श्रीमती लडेर गम्भीर दुर्घटनाका शिकार बनेकी छन् । उनको टाउकोमा गम्भीर चोट लागेकाले जलेश्वर अस्पतालमा उपचार गराउन पुन: जनकपुर फर्केर आउनु परेको आफ्नो दु:खेसो पोखे ।

तर, सडक मरम्मतको कुरा गर्दा कमसेकम गिट्टी बालुवा खसालेर पनि खाल्डा खुल्डी पुर्ने काम भैरहेको छैन । जसले गर्दा सर्वसाधारण यात्रुहरू समस्या हुँदा पनि स्थानीय प्रशासन तथा सम्बन्धित निकाय मौन रहेको छ ।

बाटोघाटोको राम्रो व्यवस्था नहुँदा मिथिलाको ऐतिहासिक धरोहरको रूपमा जनकपुरधाम पर्यटकहरू आकर्षित हुन सकेका छैनन् ।

# गौर नपाका मेयर उम्मेदवार भन्छन्, "नगरवासीको सेवा गर्छु"

राकेश यादव

रौतहट । आसन्न तेस्रो चरणको स्थानीय तह चुनावमा गौर नगरपालिकाको मेयर पदका उम्मेदवार रहेका नेकपा एमालेका शम्भू साहले नगरवासीको हरेक दु:खमा साथ दिने प्रतिवद्धता व्यक्त गरेका छन् । चुनावको तयारीको शिलशिलामा गौर नगरपालिका वार्ड नंबर ८ बसतपुरको चण्डिया टोलमा पुगेका राजदेवी एफएमका अध्यक्षसमेत रहेका साहले कार्यकर्ता भेटघाट कार्यक्रमको सम्बोधन गर्दै आफू अरू दलका नेता जस्तो चुनावको बेला मात्रै भेटघाट गर्ने चुनाव जीते पछि केहि वास्ता नगर्ने व्यक्ति नभई सधैं आफ्नो जनताको सेवा गर्ने सोच भएको व्यक्ति रहेको बताएका छन् ।

उनले भने, 'मेरो सोच विकास गर्ने, जनताको रोजगारीको व्यवस्था मिलाउने, गरीव असहाय दुखीको सहयोग गर्ने हो । सामाजिक सेवामा समर्पित समेत रहेको साहले तराईमा केही मधेशवादी दलका बेईमान नेताहरूले नेकपा एमालेका ईमानदार नेतासँग डराएर विभिन्न किसिमको भ्रम फैलाई रहेकाले त्यस्ता भ्रममा नपर्न स्थानीयसँग आग्रह गरेका छन् । विकास गर्ने नेतासँग सरकारको रकम दुरूपयोग गर्ने नेताहरू भयभीत भएका साहको भनाइ रहेको छ । मधेश र मधेशीको हक् अधिकारका लागि नेकपा एमाले संघर्षरत रहे पनि नेपाली कांग्रेस, नेकपा माओवादीले अधिकार नदिने षड्यन्त्र गरिरहेको दावी गर्दै मेयरका प्रत्यासी साहले आफू जीते गौरलाइ सुन्दर नगर बनाउने दृढता व्यक्त गरे ।

नेताभन्दा जनता सर्वोपरि रहेकोले यसपटकको चुनावमा अधिकार, विकास, शिक्षा, स्वास्थ्य, बेरोजगारी समस्या समाधान गर्ने, सिचाईको सुबिधा लगायत विभिन्न किसिमका आपद विपदमा जनताको साथ दिने स्वभावका उम्मेदवारलाइ आफ्नो अमूल्य मत दिन अपीलसमेत गरेका छन् ।

दिनेश यादवको सभापतित्वमा सम्पन्न भएका कार्यक्रममा शिवपूजन तिवारी, शिव विलाश तिवारी, बजिन्द्र दास, आत्मा राउत, अजय पटेल, रामाधार हजारी, नन्दलाल बैठासहित दर्जनों कार्यकर्ताहरू विभिन्न पार्टी परित्याग गारी नेकपा एमालेमा प्रवेश गरेका छन् ।

क्षेत्रीय अध्यक्ष भिखारी यादव, नगर अध्यक्ष रामजी साह सहभागी भएका कार्यक्रममा वार्ड नंबर ८ का लागि वार्ड अध्यक्षमा बचिया देवीको उम्मेदवार बनाउने घोषणा गरिएको छ । कार्यक्रममा स्थानीयहरूले साहलाई भव्य रूपमा स्वागत गरेका थिए ।

## संक्षिप्त समाचार

### साह चौतरीमा प्रवेश

रौतहट । नेपाल पत्रकार महासंघ रौतहट शाखाका जिल्ला सभापति रविन्द्र प्रसाद साह पुन: पुरानै घर फर्केका छन् । नेकपा एमालेका भ्रातृ संगठन प्रेस चौतरी परित्याग गरी मधेशी मोर्चाको समर्थनमा निर्वाचित भएका साह फेरि चौतरीमा फर्केका हुन् । प्रेस मञ्च नेपालका जिल्ला सल्लाहकार समितिका संयोजक रहेका साह वीरगंजमा आयोजित चौतरीका प्रदेश स्तरीय भेलामा विधिवत रूपमा प्रवेश गरेका हुन् । २०७२।२०७३ मा भएको लामो मधेश आन्दोलनको क्रममा सभापति साह एमालेका भ्रातृ संगठन चौतरीबाट सम्वन्ध विच्छेद गरी मधेशी मोर्चामा सहभागी भएका थिए ।

### रक्सी बोतलमा किरा

महोत्तरी । सदरमुकाम जलेश्वरस्थित एक पसलमा खरिद गरिएको रक्सीको बोतलमा मरेको किरा फेला परेको छ । धनुषा डिस्टीलरीबाट उत्पादित प्रिमियम एसी गोल्डमा मरेको किरा फेला परेको छ । रक्सीको बोतलमा फेला परेको किरालाई स्थानीय भाषामा भेम भन्ने गरिन्छ । यसको टोकाईले मानिसलाई बिरामीसम्म बनाउने गरेको पाइन्छ । आफ्नो नाम बताउन नचाहने रक्सी क्रेताले स्थानीय बिक्रेतालाई बोतल फिर्ता गर्दा नमानेको बताइएको छ ।

### सिमेन्टका गोदाममा पुरिएर युवकको मृत्यु

रूपन्देही । गोयङ्का सिमेन्टको गोदाममा पुरिएर एक जनाको मृत्यु भएको छ । मायादेवी गाउँपालिका-५ स्थित रहेको गोईङका सिमेन्टको किलिङकरको गोदाममा काम गर्ने क्रममा सोही ठाउँ बस्ने २४ वर्षीय अलाउदिन मुसलबानको बुधबार पुरिएर मृत्यु भएको छ । यस सम्बन्धमा प्रहरीबाट थप अनुसन्धान भइरहेको छ ।

### धारिलो हतियार प्रहारबाट घाइते

मोरङ । बेलबारी नगरपालिका-२ लालभित्ती कबिर चोक बस्ने २६ वर्षीय सुमन कटुवाल धारिलो हतियार प्रहारबाट बुधबार गम्भीर घाइते भएका छन् । सोही ठाउँस्थित डेबिट फर्निचरमा काम गर्ने कामदार सोही ठाउँका ३५ वर्षीय राजु श्रेष्ठले धारिलो हतियार प्रहार गर्दा गम्भीर घाइते भएका उनलाई उपचारको लागि धरान घोपा पठाइएको छ । राजु श्रेष्ठलाई प्रहरीले पक्राउ गरी यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### खोला तर्ने क्रममा बेपत्ता

कपिलवस्तु । खोला तर्ने क्रममा बगाउँदा एक युवक बेपत्ता भएका छन् ।वाणगंगा नगरपालिका-११ भडसडवा बस्ने १७ वर्षीय सागर चौधरी सोही ठाउँस्थित मुर्दनीघाट खोला तर्ने क्रममा बुधबार खोलाले बगाई बेपत्ता भएका छन् । स्थानियबासीको सहयोगमा उनीहरूको खोजी गर्नुको साथै घटनाका सम्बन्धमा स्थानीय प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

### छोराको कुटाईबाट बाबुको मृत्यु

चन्द्रकान्त खनाल, रूपन्देही । रूपन्देहीमा छोराको कुटाईबाट बाबुको ज्यान गएको छ । मर्चवारी गाउँपालिका-१ कोटिहवाको ६० वर्षका सन्तु चाईको ३५ वर्षका छोरा लाल चाईको कुटाईबाट ज्यान गएको जिल्ला प्रहरी कार्यलय रूपन्देहीले जनाएको छ । सोमबार राति लालले रक्सीले मातेर बुवा सन्तुलाई कुटपिट गरेर घाइते बनाएका थिए । सन्तुलाई मंगलबार बिहान उपचारका लागि भैरहवा मेडिकल कलेजमा लगिएकोमा उपचारकै क्रममा ज्यान गएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ । छोरा लाललाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### अपहरित व्यक्तिको सकुशल उद्धार

सर्लाही । धनकौल गाउँपालिका-८ धनगढा बस्ने ४५ वर्षीय रामजी राय यादवको बिहीबार अपहरण भएकोमा प्रहरीको सक्रियतामा शनिबार उनको सकुशल उद्धार गरिएको छ । महोत्तरीको जलेश्वरस्थित मालपोत कार्यालयमा नायव सुब्बा पदमा कार्यरत यादव उनकै साथी सर्लाहीको चक्रघटा गाउँपालिका-२ बेल्ही बस्ने ४५ वर्षीय बीरेन्द्र ठाकुरसँग जलेश्वरबाट मोटरसाइकलमा भारतको बाटो हुँदै घरतर्फ आउने क्रममा भारतको फर्छैयामा नम्बर नखुलेको भारतीय नम्बरप्लेटको गाडीमा आएका ६ जना अपरिचित व्यक्तिहरूले अपहरण गरी लगेको भन्ने खवर बीरेन्द्रले जानकारी गराएका थिए ।

### आगलागीबाट दुई लाखभन्दा बढीको क्षति

बाँके । खजुर गाउँपालिका-६ सिमलघारी बस्ने ३१ वर्षीया बिन्दु कँडेलको घरमा शनिबार राति आगलागी हुँदा करीव २ लाख २२ हजार रूपैयाँ बराबरको धनमाल जलेर क्षति भएको छ । स्थानीयको सहयोगमा प्रहरीले आगो नियन्त्रणमा लिएर घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### मोटरसाइकल चालकको मृत्यु

कैलाली । साइकललाई ठकर दिँदा अनियन्त्रित भएर मोटरसाइकलसहित लडेर एक जनाको मृत्यु भएको छ । सो दुर्घटनामा परि नेपाली कांग्रेसका जिल्लास्तरीय नेता४५ वर्षीय राजेश चौधरीको मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका नेता चौधरीलाई सेती अञ्चल अस्पतालमा सामान्य उपचार पछि थप उपचारका लागि नेपालगञ्ज मेडिकल कलेज लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्करबाट घाइते भएका साइकल चालकको सामान्य अवस्थामा सेती अञ्चल अस्पतालमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

### युवक मृत फेला

कैलाली । जिल्लामा एक युवक मृत अवस्थामा फेला परेका छन् । मोहन्याल गाउँपालिका-७ बादे खोलामा आइतबार सोही ठाउँ बस्ने २६ बर्षीय भबि राजी मृत अबस्थामा फेला परेका छन् । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### आठ केजी गाँजा बरामद

सुनसरी । धरान उपमहानगरपालिका-८ स्थित कोशी राजमार्गबाट प्रहरीले ८ के.जी. लागूऔषध गाँजा बरामद गरेको छ । भानुचोकबाट ईटहरीतर्फ जादै गरेको को.२९ प ९३६७ नम्बरको पल्सर मोटरसाइकलले आइतबार जिल्ला ट्राफिक प्रहरी कार्यालय अगाडी कोशी राजमार्गमा पैदल यात्री इटहरी उपमहानगरपालिका-७ बस्ने ३५ बर्षीय प्रकाश पराजुलीलाई सामान्य ठक्कर दिई भागेपछि ट्राफिक प्रहरीले उक्त मोटरसाईकल रोक्न खोज्दा नरोकी चालक मोटरसाइकल र पछाडी भिरेको झोला समेत फालेर भागेका थिए । प्रहरीले उक्त झोला खोली हेर्दा सेतो प्लाष्टिकमा ८ पोका रहेको उक्त गाँजा बरामद भएको हो ।

### आगलागीबाट दुई लाखको क्षति

बाँके । नेपालगंज उपमहानगरपालिका-१३ स्थित हित गुभाजुले संचालन गरेको सुकर भिडियो एक्सरे क्लिनिकमा मंगलबार अचानक बिद्युत सर्ट भई आगलागी हुँदा करीब २ लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको छ । स्थानीयबासिन्दाको सहयोगमा प्रहरीले आगो नियन्त्रणमा लिई घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### तीन लाखभन्दा बढीको धनमाल लुटपाट

धनुषा । जनकपुर उपमहानगरपालिका-७ स्थित बालुवा टोल बस्ने अशोक साहको घरबाट मंगलबार सुनका बिभिन्न गरगहना ६ तोला र चाँदीका बिभिन्न गरगहना १२ तोला गरी अंदाजी ३ लाख २० हजार बराबरको धनमाल लुटपाट भएको छ । मुखमा गम्छा बाँधी आएका अपरिचित २/३ जना ब्यक्तिहरू साहको घरमा प्रवेश गरी निजको श्रीमती ३० बर्षीया देवी साहलाई कुटपिट गरी सामान्य घाईते बनाई उक्त धनमाल लुटी फरार भएका थिए । फरार अभियुक्तहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### भरूवा बन्दुकसहित पक्राउ

बाँके । बर्दिया बडौयाताल गाउँपालिका-१ बस्ने २७ बर्षीय नबिन्द्र सिंह ठकुरीलाई लोड गरेको भरूवा बन्दुक १ थान, बारूद्ध, फलामका छर्रा, फलामको गोली ३ थान र भे ३ प ५४९५ नम्बरको मोटरसाइकल सहित प्रहरीले मंगलबार पक्राउ गरेको छ । खजुरा गाउँपालिका-२ गौघाट स्थित प्रहरी चौकी राधापुरबाट खटिएको प्रहरी गस्ती टोलीले भे ३ प ५४९५ नंम्बरको मोटरइकलमा भरूवा बन्दुक बोकी २ जना व्यक्ति आईरहेको देखि नियन्त्रणमा लिन खोज्दा मोटरसाइकल छाडी भागेकोले प्रहरीले पेस्तोलबाट २ राउण्ड गोली हवाई फायर गरे पश्चात् निज नबिन्द्र सिंह ठकुरीलाई उक्त हातहतियार सहित पक्राउ गरेको हो ।

# उन्मादित राष्ट्रवाद र मधेशका मानसिंहहरू

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३७८



❖ उपेन्द्र झा

**राजपाको रूपमा मधेशको एउटा सशक्त नेतृत्वको विकास भएकोले विगतमा विश्वासघातमा परेका मधेशी जनता आशान्वित बनेका छन् । यसलाई तोड्न फोड्न राज्यशक्तिले मधेशका मानसिंहलाई पनि प्रयोग गरेका छन् । चारैतिरबाटको प्रहार झेल्दैको पीडा त छँदैछ, अन्तर्द्वन्द्वको पीडाले त राजपाको अस्तित्वलाई नै समाप्त पार्नेछ । राजपामा अनुभवी नेताहरूको जमात छ ।**

देश स्थानीय चुनावको तेश्रो चरणमा प्रवेश गरेको छ । प्रदेश नं. २ को ८ जिल्ला जसलाई मधेश भनेर छुट्याईएको छ, यही असोज २ गते चुनाव गराउने मिति निर्धारित छ । बाँकी ६७ जिल्लामा चुनाव भएर नतिजा पनि दिई सकेको छ । एमालेको सूर्य पूर्ण तेजका साथ क्षितिजमा उदाएको छ । रूखले पनि उसको प्रकाशलाई छेक्न सकि रहेको छैन । नतिजा अनुसार २० सीटले पछाडि परेको नेपाली काँग्रेस पार्टीभित्रको अन्तर्द्वन्द्वका कारण पनि प्राप्त गरेको २५६ सीट यथेष्ट नै हो । तर यहाँ त जो जसरी जितेर सिकन्दर बन्ने परम्परा छ ।

विगत दुई वर्षदेखि मधेशलाई गाली, गलौज गरेर भारतीयको संज्ञा दिएर आफ्नो राष्ट्रवादी खेमालाई हर्षित तुल्याउँदै आएको नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीको अपमानजनक व्यवहारबाट (मधेशका मानसिंहबाहेक) समग्र मधेश रूष्ट बनेको छ । रूष्टता नेपाली काँग्रेससंग पनि छ तर आलोचनात्मक सहानुभूति रहेकोले यहाँ नेपाली काँग्रेसको सीट बढ्ने सम्भावना छ । एमालेबाट क्षुब्ध रहेको प्रदेश नं. २ मा एमाले अझै यथेष्ट सीट थपेर नेपाली काँग्रेसलाई दोश्रो स्थानमा राख्न सफल नहोला । एमालेको बरावरीमा आउन तथा पहिलो स्थानमा उक्लिन नेपाली काँग्रेसलाई पनि कठीन मिहिनेत गर्ने चुनौती छ । काँग्रेसको प्रभाव बढी रहेको मधेशमा एमाले पनि प्रभावहीन त छैन तर विगतको व्यवहारले जनता रूष्ट अवस्थामा रहेकोले अपेक्षाकृत मत पाउन कठीन छ ।

जे गरेर भए पनि पहिलो पंक्तिमा जाने एमालेको अभिष्टको अगाडि आगामी दिनमा आउने नकारात्मक परिणामबारे एमाले बिल्कुल चिन्तित छैन । अब प्रदेश नं. २ मा जनाधार भएका व्यक्तिलाई प्रलोभनमा पारि आफ्नो उम्मेदवार बनाउने खतरनाक मनोकाँक्षा लिएर पस्ने रणनीति बनाएर नै "विपक्षीहरू जति गठबन्धन बनाए पनि एमाले एक्लै काफी छ" यस्तो अभिव्यक्ति दिन थालेको छ । प्रलोभनमा आफ्नो प्रतिष्ठा पनि कायम हुने देखेर मधेशका कतिपय व्यक्तिहरू एमालेको जालमा पर्ने सम्भावना छ । बिना कसैको सहयोग एमाले मधेश (भारतीयहरूको प्रदेश) मा सिक्का जमाउन चाहेको छ । मधेशलाई नेतृत्व गर्ने पार्टी नै एमालेको प्रभावलाई स्वीकार गरि पथभ्रष्ट भई सकेर हिंडी रहेको छ भने मधेशका आम जनताको के बिशात ।

नेपालमा सामन्ती राज्यसत्ताको विरूद्ध भएका भीषण आन्दोलनका बावजूद पनि नेपाली राजनीति सामन्ती शासकीय मनोवृतिको उच्छृँखल असामाजिक तत्वहरूको पञ्जाबाट मुक्त हुन सकेको छैन । भ्रष्ट, तस्कर, नाफाखोरले आफ्नो स्वार्थको अभेद्य दुर्ग बनाएर बसेको छ । परिवर्तनकारी शक्तिहरू पनि यी शक्तिहरूसंग अथक संघर्ष गर्दा आफै सिद्धिने अवस्था आएपछि आत्मसमर्पण गर्नुबाहेक कुनै विकल्प देखेन । विशाल शक्तिको रूपमा माओवादीको अवतरण त भयो तर राज्यसत्ताले हात्ती जस्तो विशालकाय माओवादीको आकारलाई काँटछाँट गरि मुसा जस्तो बनाएर राखेको छ । मधेशको पनि यही हाल भयो । ५३ सीट ल्याएर शासकवर्गबीच कालर ठाढो पारेर बस्ने फोरमको दशा पनि उस्तै छ । आफ्नै धरातलमा सिद्ध्याउने सत्ताको खेलको शिकार सबै आन्दोलनकारी भई रहेका छन् ।

अजेय रूपमा रहेको एकात्मक राज्यसत्ताको परम्परागत स्वरूपमा संघीय लोकतान्त्रिक गणतन्त्रको जामा मात्र पहिराएको छ । ब्रह्मा, विष्णु, महेशका रूपमा राज्यको शाश्वत स्वरूपको संरक्षण गर्न यी त्रिदेव विराजमान छ । यिनीहरूको परम्परागत सोचमा "नेपाल गोरखालीको हो । मधेशीहरू भारतीय हुन् । यिनलाई नेपालको पटक्कै माया छैन । राज्यमा यसलाई समावेश त गर्न सकिन्छ तर साझेदारी हक दिनु हुँदैन । नेपालको अस्तित्व नै समाप्त हुन्छ ।" मात्र रहेको छ । साम्यवाद र समाजवादको जतिसुकै दर्शन छाँटेपनि यिनीहरूको शासकीय मनोवृतिमा कुनै परिवर्तन भएको छैन । नेपालका शोषित पीडित जनताका लागि यही परम्परागत सोच भएका शासकीय प्रवृति मुख्य दुश्मन हुन् ।

०४६ सालको प्रजातन्त्र पुनर्स्थापना पश्चात् प्रजातान्त्रिक शक्ति कै शासनकालमा आन्दोलनका भीषण आँधीहरू आएका छन् । राजनीतिक दलहरू सत्ता खोसिएको अवस्थामा जनतालाई झुक्याउन आन्दोलनमा आउनु सत्ता प्राप्तिको उद्देश्य मात्र हो, जनाधिकार स्थापित गर्न होइन । विगत १० वर्षका घटनाहरू यिनको वर्गीय चरित्र उजागर गर्न यथेष्ठ प्रमाण हाम्रो सामू छ । रोल क्रम अनुसार पालै पालो सत्ता प्राप्त गर्ने सम्झौता अनुसार सबै कुरा चलि रहेको छ । मंसीरमा एमालेको पालो आउने अग्रिम घोषणा केपी ओलीले गरि सकेका छन् । सवाल उठ्छ - लोकतान्त्रिक शक्तिकै शासनकालमा यत्रा ठुल्ठूला आन्दोलन किन आए ? जनस्तरबाट राज्य पुनर्संरचनाका भीषण आवाज किन उठे ? जन अपेक्षा पूरा गर्न आएका पार्टीहरूमा जनताले के देखे कि सामुदायिक आन्दोलनको जन्म भयो । यी यावत् प्रश्नहरू शासकहरू समक्ष तेर्सिएका छन् ।

कम्युनिष्टहरूले आफ्नो जनतालाई "सबै सर्वहारा समान हुने" भनेर एकथरि निशाका इन्जेक्शन लगाई दिएको छ भने नेपाली काँग्रेसले "लोकतान्त्रिक समाजवाद" को कहिले नटुट्ने निशा दिएको छ । यही आडमा यिनी राज्यसत्ताको भोग गर्छन् । नेपाली काँग्रेस, एमाले, माओवादी, राप्रपा, राजावादी, हिन्दूवादी यिनी पारस्परिक रूपमा दुश्मन होइनन्, मधेशी, जनजाती, थारू, मुस्लिम यिनका दुश्मन हुन् । दुश्मन भएको भए राजाको पालामा गृहमन्त्री कमल थापा जन आन्दोलनलाई पेलेर सिद्ध्याउन खोजेको थियो । जनआन्दोलन सफल भएको अवस्थामा आफू कति दिन प्रहरीको संरक्षणमा रह्यो । पछि सबै एक भए । ०३६ साल ताका प्रधानमन्त्री सूर्यबहादुर थापाले धनकुट्टाको छिन्ताङमा कम्युनिष्टहरूलाई बम खसाएर मारे । सूर्यबहादुर थापा र लोकेन्द्र बहादुर चन्दकै प्रधानमन्त्रीत्वकालमा नेपाल काँग्रेस र कम्युनिष्टलाई देश निकाला गरिएको थियो ।

याद गर्नोस्, ०४६ सालपछि नेपाली काँग्रेसले सूर्यबहादुर थापाको नेतृत्वमा र एमाले लोकेन्द्र बहादुर चन्दको नेतृत्वमा सरकार बनाएर शासन चलाउने शिक्षा लिएका थिए । कसरी यिनी दुश्मन हुन् । राजनीति शास्त्रमा शासक र आन्दोलनकारी एक अर्काका दुश्मन ठहरेका छन् । आन्दोलनकारीले सत्ता कब्जा गरेपछि आत्म समर्पण गर्नेलाई जीवनदान तथा नगर्नेलाई जेल हाल्ने राजनीतिक विधी रहेपनि नेपालमा यी कुराहरू केही देखिएको छैन । बरू आफत परेको बेला मन्त्रणा लिने हिसाबले उसलाई राज्यकोषबाट भरण पोषणको व्यवस्था गरिएको देखिन्छ । मधेशी जनताले यही कुरा बुझ्न सकि रहेको छैन । यो राजनीतिको धरातलीय यथार्थ हो ।

प्रदेश नं.२ मा चुनाव गराउन राज्यको प्रतिष्ठाको विषय बनेको छ । दुई चारवटा आँप झर्न एमाले खप्पिस छ नै । यसपाली अलिक बढि झर्ला । झरोस् । व्यक्ति कोही ठूलो हुँदैन । कानून ठूलो हुन्छ । सोच यही हो । यो सोचले चुनाव हुने पक्का देखिन्छ । यहाँ त जो चोर उसैको ठूलो स्वर रहेको छ । तर काँग्रेस ? उसलाई त एमालेले पछि पारि सक्यो । यही प्रदेशमा नेपाली काँग्रेसले आफ्नो प्रतिष्ठा बचाउन सक्छ । एमाले जस्तो उपद्रव गरायो भने नेपाली काँग्रेसको शाख बच्दैन । यसपाली दोयम भयो भने नेपाली काँग्रेस कहिल्यै पनि अव्वल हुँदैन ।

शीर्ष ठाउँ प्राप्त गरेपनि नेपाली काँग्रेसको राष्ट्रिय राजनीतिमा पकड कमजोर देखिएको छ । कारण जेहोस् । नेपाली राजनीतिमा एमाले नै लिडिङ रोलमा रहेको तीतो यथार्थ छ । मधेश आन्दोलनबाट यिनी धेरै खेदिए । शक्ति क्षीण भएको अवस्थामा मधेशलाई खेद्ने काम अब यिनीहरूको हो । मधेशको समस्या हल गरिने संशोधन प्रस्ताव होईन । राजपा संशोधन प्रस्ताव पास गराउने अडान लिएको छ । यसै अडानमा राजपा प्रदेश नं. १, ५ र ७ को स्थानिय चुनावबाट बञ्चित भएका छन् । बाँकी रहेको प्रदेश नं. २ को चुनावमा बिना शर्त भाग लिने निर्णय आत्मघाती नै हुने निश्चित छ । नेपाली काँग्रेसले राजपा चुनावमा गएन भने त्यो भाग पनि काँग्रेस कै भाग्यमा पर्ने भएपछि एमालेलाई मज्जा चखाउने दाउलाई छोडेर संशोधन प्रस्तावतिर ध्यान केन्द्रित गरि रहेको छैन । सबै आफ्नै स्वार्थ पूरा गर्ने दाउमा लागेकोले संशोधन प्रस्ताव अर्थहीन भएको छ ।

संसफो, राजपा एक नदीको दुई किनारा बनेपछि आन्दोलन कमजोर भएको यथार्थ त छँदैछ । तर पनि राजपाको आह्वानमा भएको आन्दोलनले चुनावको मिति सार्न सफल भएको थियो । चारैतिर चुनाव सफल भएपपछि र त्यसको नतिजाले प्रदेश नं. २ को राजपाका कार्यकर्ताको मन:स्थिति परिवर्तन नगरेको होईन । राजपामा अहिले नै पूर्वेली पश्चिमेलीको ठूलो विवाद खडा हुनु दुर्भाग्यको कुरा हो । केन्द्रीय समिति र पदाधिकारीमा पूर्व पश्चिमको समान सहभागिताका लागि तछाड मछाड नगरि अहिले आन्दोलनको अपरिहार्यताबारे रणनीति बनाउने बेलामा पारस्परिक संघर्षबाट भर्खर प्रतिष्ठित भई रहेको राजपालाई शक्तिविहीन बनाउने निश्चित छ । फरक संस्कारका व्यक्तिहरूको भर्खर एकीकरण भएको, मधेश मुद्दाले एकठाउँमा उभ्याएपनि पारस्परिक सम्बन्ध सुधारका लागि समय लाग्ने आदि धेरै अभ्यासहरू बाँकी रहेको पार्टी जीवनको सम्बेदनशीलतालाई नेतृत्ववर्गले बुझ्न आवश्यक छ ।

राजपाको रूपमा मधेशको एउटा सशक्त नेतृत्वको विकास भएकोले विगतमा विश्वासघातमा परेका मधेशी जनता आशान्वित बनेका छन् । यसलाई तोड्न फोड्न राज्यशक्तिले मधेशका मानसिंहलाई पनि प्रयोग गरेका छन् । चारैतिरबाटको प्रहार झेल्दैको पीडा त छँदैछ, अन्तर्द्वन्द्वको पीडाले त राजपाको अस्तित्वलाई नै समाप्त पार्नेछ । राजपामा अनुभवी नेताहरूको जमात छ । १८ र २१ गतेको बैठकले बुद्धिमानीपूर्वक राजपाको अग्निपरीक्षाबाट सफलतापूर्वक पार लगाओस् हाम्रो शुभकामना छ ।

*क्रमश:*

janukjha24@gmail.com

## भारतको निर्वाचन आयोगले प्रयोगमा ल्याएको ईभीएमको विशेषताबारे प्रस्तुतीकरण

काठमाडौं । निर्वाचन आयोगले प्राविधिक सहितको एक अध्ययन टोलीलाई हालै भारतमा उत्पादन र प्रयोग भएका विद्युतीय मतदान यन्त्र अध्ययन गर्न पठाएको थियो । प्रस्तुत अध्ययन टोलीको प्रतिवेदनको आधारमा समेत मतदानमा विद्युतीय मतदान यन्त्र (ईभीएम)को प्रयोग गर्न उपयुक्त हुने देखिएकोले आयोगले मंगलबार व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दल समेतका प्रतिनिधिहरूसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो ।

आयोगका प्रमुख निर्वाचन आयुक्त डा.अयोधीप्रसाद यादवको अध्यक्षतामा सञ्चालित सो कार्यक्रममा भारतको निर्वाचन आयोगले प्रयोगमा ल्याएको ईभीएम तथा बेलायतस्थित स्मार्टमेटिक कम्पनीले उत्पादन गरेको ईभीएमको विशेषताको बारेमा छुट्टाछुट्टै प्रस्तुतीकरण भएको थियो । अन्तरक्रिया कार्यक्रममा राजनीतिक दलका नेताहरूबाट उक्त दुबै प्रकारका मेशिनहरूको प्रयोगबारे विभिन्न जिज्ञासा राखेका थिए भने नमूना मतदानको अभ्यास समेत गरेका थिए ।

निर्वाचन आयोगले निर्वाचनका सम्पूर्ण प्रक्रियालाई शुद्ध, सरल तथा छिटो छरितो रूपमा सम्पादन गर्नको लागि प्रविधिको प्रयोग गरिआएको छ । आयोगले २०६४ सालको संविधानसभा सदस्यको निर्वाचन पछिको उप निर्वाचनमा र २०७० सालको संविधान सभा सदस्य निर्वाचन पछिको उप निर्वाचनमा गरी १२ वटा निर्वाचन क्षेत्रमा विद्युतीय मतदान यन्त्रको प्रयोग गरिसकेको र सो प्रयोग सम्बन्धमा सबै सरोकारवालाबाट सकारात्मक धारणा रहेको पाइएको आयोगले जनाएको छ ।

निर्वाचन आयोग निर्वाचन व्यवस्थापनमा निरन्तर रूपमा प्रविधिको प्रयोग गर्दै आएको र राजनीतिक दलहरूको समर्थन र सहयोगमा निर्वाचनमा ईभीएमको प्रयोग गर्न उपयुक्त हुने ठानिएको छ ।

आयोगका आयुक्तहरू इला शर्मा, नरेन्द्र दाहाल, इश्वरी प्रसाद पौड्याल र सुधीर कुमार शाह तथा आयोगका सचिव महेश्वर न्यौपाने सहित आयोगका उच्च अधिकारीहरूको उपस्थित रहेको सो कार्यक्रममा प्रमुख राजनीतिक दल लगायत २३ भन्दा बढी राजनीतिक दलका प्रतिनिधिहरूको उपस्थिति थियो ।

## राजपाद्वारा धर्ना



**भ्रष्टाचार एवं घुसखोरीको विरूद्धमा धर्नामा बसेका राजपा नेपालका नेताहरू ।**

वीरगन्ज । भ्रष्टाचार एवं घुसखोरीको विरूद्धमा राष्ट्रिय जनता पार्टी नेपाल वीरगन्ज महानगर कमिटीले धर्ना दिएको छ । राजपा नेपाल वीरगंज महानगर कमिटीले मंगलबार घण्टाघरमा बिहान १० बजेदेखि साँझ ५ बजेसम्म धर्ना दिएको हो ।

'भ्रष्टाचार एवं घुसखोरी मुक्त समाज, सभ्य एवं समृद्ध समाज' नाराका साथ भ्रष्टाचारको विरूद्धमा ९ बुँदे माग राख्दै राजपा वीरगन्ज महानगर कमिटीले धर्ना दिएको हो ।

संसदीय विकास कोषको रकम पारदर्शी र जनतामुखी हुनुपर्ने, जिल्ला समन्वय समिति र नगरपालिकाबाट पेश्की लिई काम नगर्नेको सुचि प्रकाशित गरी कारवाही गर्नुपर्ने, विकास बजेटका लागि छुट्याइएको रकम फ्रिज हुनुपर्ने कारण देखाउनुपर्ने, गाउँ-गाउँमा रहेको सेना-प्रहरीको ब्यारेक फिर्ता हुनुपर्ने लगायतका मागहरू रहेको छ ।

सो धर्ना कार्यक्रममा राजपा नेपालका केन्द्रीय सहमहासचिव निजामुदिन समानी, केन्द्रीय सदस्य रम्भा मिश्रा, मिनु ठाकुर, जिल्ला उपाध्यक्ष ईश्वर यादव, सचिव धर्मेन्द्र पटेल, श्रीराम गिरी, नेताहरू सुरेश साह कानु, कोषाध्यक्ष पन्नाला पटेल, सचिव संजय पटेल, रिजवी खालिद, मुनी श्रीवास्ताव, अनिता रौनियार, नगर अध्यक्ष ओमप्रकाश सर्राफ, रेखा साह, समाजसेवी वृजेश चौधरी ई.शुभनारायण कुर्मीले धर्ना दिएका छन् ।

## प्रहरीद्वारा करोडौंको सामान पक्राउ

रौतहट, राकेश यादव । जिल्ला प्रहरी कार्यालय रौतहटले आर्थिक वर्ष २०३७२०७४ मा भन्सार चोरी निकासी नियन्त्रण गर्ने क्रममा २ करोड भन्दा बढीका सामान पक्राउ गरेका छन् । आइतबार जिल्ला प्रहरी कार्यालय गौरमा आयोजित पत्रकार सम्मलेनमा प्रहरी उपरीक्षक यज्ञ विनोद पोखरेलले प्रगति विवरण सार्वजनिक गर्दै असार मसान्तसम्ममा जिल्लाभरिबाट प्रहरीले चोरी निकासीका २ करोड़ ५७ लाख २४ हजार २ से घढ रूपैयाँ मूल्य बरवारको सामान नियन्त्रणमा लिई भन्सारमा बुझाइएको जानकारी गराएका छन् । भन्सारमा बुझाइएका सामानहरूमा १ करोड़ ४७ लाख ८९ हजार ५ से मूल्य बराबरको २९ वटा बोलेरो, जीप, गाडी रहेका छन् भने ७५ लाख १७ हजार ७ सय मूल्य बराबरको ८२ वटा मोटरसाइकल रहेका छन् ।

सम्मलेनमा सम्बोधन गर्दै उपरीक्षक पोखरेलले सुरक्षा व्यवस्था चुस्तदुरूस्त रहेको कारण प्रहरीले राम्रो कार्य गर्न सफल भएको दावी गरेका छन् । सार्वजनिक गरिएको प्रगति विवरणका अनुसार हातहतियार सहित १४ जना पक्राउ भएका छन् भने ९ जना कारागार चलान भएको १ जना धरौटीमा रिहा भएको र ४ जनाको अनुसन्धानको क्रममा रहेको छ । सरकारवादी मुद्दाको अनुसन्धानको क्रममा ३ सय ७१ जना अभियुक्त पक्राउ परेको र २५ जना फरार अभियुक्त नियन्त्रणमा लिइएको जानकारी गराउँदै उपरीक्षक पोखरेलले भने जिल्ला भरिमा परेको ३ हजार २५ ठाडो उजुरीमध्ये २५ सय ८० मिलापत्र भएको र ४४५ उजुरीकर्ता सम्पर्कमा आएका छैनन् । जिल्ला प्रसाशन कार्यलयबाट प्राप्त भएका १३६४ निवेदन मध्ये १२२९ फर्छौत भएको र १३५ सम्पर्कमा नआएको तथ्यांक रहेको छ । घरेलु हिंसा तर्फ ३५२ उजुरी दर्ता भएकोमा ३१० फर्छौट भई ४२ अनुसन्धानको क्रममा तथा लैंगिक हिंसातर्फ ५४५ उजुरी परेको, ३०० फर्छौट भई २४५ अनुसन्धानकै शिलशिलामा रहेका छन् । गएको वर्षमा ट्राफिक प्रहरीले गरेको १७ हजार ७ सय ८३ सवारी साधनको कार्यवाहीमा १ करोड़ २६ लाख ५० हजार रूपैयाँ राजश्व संकलन गरिएको उपरीक्षक पोखरेलले बताएका छन् । प्रहरी कार्यालयले एक वर्षमा चलाएका मुद्दाहरूमा जवर्दस्ती करनी १२, बहुविबाह ४, बालविवाह २, जवर्दस्ती करनी उद्योग २ र घरेलु हिंसा ० रहेको छ । लागूऔषधसहित पक्राउ परेको ५० जनामध्ये ४० जना कारागार, ५ जना धरौटीमा रिहा भएका छन् भने ५ जनालाई सुधारकेन्द्रमा पठाइएको छ ।

## मदारबाबाको विकासका लागि ज्ञापनपत्र

रबिन्द्र यादव, परासी । नवलपरासीको प्रसिद्ध ऐतिहासिक एवं धार्मिकस्थल मदारबाबाको चौतर्फी विकासका लागि मुस्लिम समुदायद्वारा आधा दर्जन सम्बन्धित मन्त्रालयहरूको ध्यानाकर्षण गराइएको छ । कुतुबुल मदारशाह दरगाह कमिटीका पदाधिकारीहरू मदारबाबाको विकास र संरक्षणका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, गृह मन्त्रालय, नागरिक उडयन तथा सांस्कृति पर्यटन मन्त्रालय, लगायत आधा दर्जनको ध्यानाकर्षण गराउँदै ज्ञापन पत्र समेत दिएका छन् । सयौं वर्षदेखि सुस्ता गाउँपालिका वडानं. २ महलबारीमा लाग्दै आएको उक्त मदारबाबाको मेलामा आउने नेपाल भारतका लाखौं भक्तजनहरूलाई बस्ने धर्मशाला, शौचालय, स्नान गृह, भोजनालय, खानेपानी र उचित बाटो घाटोको व्यवस्था नभएकै कारण भक्तजन एवं पर्यटकहरू सास्ती खेप्दै आएका छन् ।

नेपालमै प्रसिद्ध मदारबाबा धर्मिक क्षेत्रको विकासका लागि समितिले विभिन्न सम्बन्धित निकायमा गुहार माग्दै आएपनि अहिलेसम्म कुनै निकयबाट खासै पहल भएको पाइएको छैन । साथै स्थानीयस्तरबाट पनि कुनै पहल भएको छैन । नेपालमै मुस्लिम समुदायको ऐतिहासिक महत्वपूर्ण धार्मिक स्थल मदारबाबालाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न आवश्यक भौतिक पुर्वाधार र आवश्यक बजेटको माग गर्ने उद्देश्यले मन्त्रालयहरूको ध्यानाकर्षण गराइएको संस्थाका संरक्षक बुद्धन अलीले बताए । अलीका अनुसार ति मन्त्रालयका मन्त्रीहरूसँग बसी मदारबाबाको समस्या एवं आवश्यक भौतिक पूर्वाधारको विषयमा बृहत छलफल गरियो जसप्रति मन्त्रीहरू साकारात्मक देखिएको संरक्षक अलीले बताए ।

अबदेखि मदारबाबाको विकास र संरक्षणमा जिल्लाभरिका मुस्लिम समुदायहरू एकजुट भई लागिपरेका छन् । करिब एक हप्तादेखि मन्त्रालयहरूमा डेलिगेशन पुग्ने संस्थाका अध्यक्ष निजामुद्दिन मियाँ, संरक्षक बुद्धन अलि, सचिव अजमुद्दिन मियाँ, कोषाध्यक्ष रियाजुलहक आंसरी, मठाधिश अमिरूल्लाह अंसारी लगायत रहेका छन् ।

असर बनौं,
इमान्दार बनौं,
सन्ततिलाई दिशा निर्देश गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व परिवेश

## आफ्नै नागरिकहरूमाथि कसरी शोषण गर्दै आएको छ ?

–अल्लाबख्श



पाकिस्तानमा अल्पसंख्यक हिन्दू युवतीहरूलाई मुसलमान र मौलवीहरूले विगत केही वर्षदेखि अपहरण गरी तिनीहरूसाथ बलात्कार गरेपछि तिनीहरूलाई इस्लामधर्म परिवर्तन गर्न लगाई घोर नरकिय जीवन जिउन बाध्य गर्दै आएका छन् । पाकिस्तानमा बस्ने साधारण नागरिक हिन्दु, ईसाई, बलोच, पख्तुन, शिया र अहमदीहरूको जीवनलाई पाकिस्तानमा सुन्नी मुसलमानहरूले घोर कष्टप्रद बनाइदिएका छन् तर त्यस्तो शोषणमूलक अवस्था भए पनि त्यहाका मूलधारका आफुलाई निर्भीक र उदार भन्ने संचारमाध्यमहरूले पनि तिनीहरू अवस्था र दुर्दष सम्बन्धमा कहिले सहि जानकारी दिने खालका समाचार सम्प्रेषण गर्ने गरेको छैन ? भारतीय उपमहादीपमा आफ्नो स्वतन्त्र सांस्कृतिक तथा ऐतिहासिक एवं सामाजिक जीवनको दशकौंदेखि वकालत गर्ने पाकिस्तानले आफ्नै देशका नागरिकहरू साथ अन्य देशका नागरिकहर जतिकै भयभीत जविन बिताउन बाध्य पारी दिएको छ ? बलोच, शिया र अहमदी समुदायहरूमाथिको शोषण त दशकौंदेखि हुँदै आएकोले कम से कम विश्व विदित नै रहेको छ तर पाकिस्तानमा रहेका हिन्दुहरूको त्रासदीपूर्ण स्थिति व्यापक स्तरमा अप्रचारित कथा जस्तै रहेकोछ र यदि त्यस सम्बन्धमा जब व्यापक आक्रोश व्यक्त हुन जान्छ तब मूलधारका संचारमाध्यमहरूले त्यसलाई 'भारतीय प्रचारवाजी' को संज्ञा दिएर बेवास्ता गर्ने गरिएको छ ।

सत्य ज्यादै दुःखद र भयावह रहँदै आएको कारण हिन्दुहरू अल्पसंख्यक रहेकाले स्वतन्त्रताप्राप्त गरेको बेलादेखि नै आफ्ना छिमेकी मुसलमानहरू साथ राम्ररी र खुशीसाथ बस्न पाएका छैनन् ? त्यसो हुनुको कारण अधिसंख्यक गरीब रहेका छन् र केही सम्पन्न भएकाहरू मात्र आफ्ना घरमा ठीकसँग बस्ने व्यवस्था मात्र मिलाउन सकेका छन् । हुन त त्यसमा केही सुधार देखिए पनि त्यो सन्तोषप्रद अहिले सम्म पनि रहेको मान्न सकिन्न वा देखिन्न । सिन्धको मरूभूमि क्षेत्रको विपन्न इलाकामा रहेका हिन्दूहरू राज्यद्धारा संरक्षित उग्रवादी इस्लामिक समुदायहरूद्धारा शोषित हुँदै आएका प्रशश्त प्रमाणहरू यसको पर्याप्त साक्षीको पुष्टि गर्दछ कि राज्यले तिनीहरूप्रति पूर्ण बेवास्तापूर्ण दुष्टिकोण राख्दै आएको छ ? हिन्दू महिला तथा गरीब परिवारका युवतीहरू मात्रलाई होईन कि धनी र प्रभावशाली परिवारकाहरूले समेतको अपहरण पश्चात् तिनीहरूसाथ बलात्कार गरी मुसलमानहरूले धर्म परिवर्तन गर्न बाध्य पार्दै आएको, जसमा मौलवी र चीरहरूसमेत रहने गरेकाले राज्यले त्यसप्रति पूर्ण बेवास्ता गर्दै आएकोछ ? सिन्धको गरीब बस्तीहरूमा दशकौं देखि सँगै बस्दै आएका मुसलमान र हिन्दूहरूबीचको सद्भावलाई अहिले एक्कासी राज्यद्धारा संरक्षित जमान उद–दावा, लश्कर ए तैयवा जस्ता अन्य आतंकवादी संगठनहरूले त्यस क्षेत्रमा हिंसा फिजाएको सम्बन्धमा 'डाँन' एकमात्र अंग्रजी दैनिकले समाचार सार्वजनिक गरेको छ ।

अंग्रेजी दैनिक 'डाँन' ले आफ्नो एक सम्पादकीयमा यसरी उल्लेख गरेकोछ – "अल्पवयस्क तथा कम उमेरका हिन्दू केटीहरूलाई अपहरण गरेपछि बलात्कार गर्ने र त्यस पछि जबरजस्ती धर्म परिवर्तन गराउने कार्यलाई बैधानिकता प्रदान गर्न निमित्त त्यस्तो प्रचारबाजी गर्न थालिएको छ ?" जसले स्वयं केही विवादस्पद प्रश्न तेर्स्याउने गरेको छ र त्यो यो हो कि त्यस्तो विवाह योग्य अवश्थाका बहुसंख्यक युवा केटी तथा महिलाहरूले त्यस प्रति सहमति जनाउन सक्छन र त्यसलाई कसैले पनि कसरी पुष्टि गर्न सक्छ ? सबभन्दा उल्लेखनीय कुरो, यदि तिनीहरू स्वेच्छाले धर्म परिवर्तन गर्छन् भने किन तिनीहरू कहिले पनि पुन : आफ्ना परिवारहरूका साथ सर्म्पक गर्दैनन् ? मौलवीहरू र चीरहरूले त्यस्ता धर्मपरिवर्तनका घटनाहरूलाई गर्वसाथ खुलस्त रूपमा महीनौं देखि सार्वजनिक गर्दै आएकाले त्यस विप्लवी घटनाहरूबारे राज्य अज्ञात रहेको भनेर भन्न मिल्दैन ? वास्तवमा भन्ने हो भने गतवर्षको नोभेम्बर, २०१६ मा प्रान्तीय सभाले त्यस धर्म–परिवर्तनलाई निरस्त पार्न एउटा विधेयक प्रस्तुत गरेको थियो तर त्यो विधेयकले कानून रूप लिन अगावै धार्मिक अतिवादी संगठनहरूले त्यस विधेयकलाई कानून बन्न नदिन सरकारलाई बाध्य पार्ने गरी विरोध प्रदर्शन गर्नाले त्यो सफल हुन सकेन ?

धार्मिक अतिवादी संगठनहरूले विरोध गर्दै आएको यो एकमात्र उदाहरण होईन । जनताले वर्षौंदेखि त्यसको प्रतिवाद गर्दै आए तापनी सन् २००० को प्रारम्भदेखि नै त्यस क्षेत्रमा नयाँ–नयाँ मदरसाहरू व्यापक स्तरमा संचालित हुँदै आएकाछन् ? यस खेलमा जमात–उद–दावा आतंकवादी संगठनले पाकिस्तानी सेना र राजनीतिक क्षेत्र दुबैको आशावादी प्राप्त गरेर आफ्नो पंजाबको मुख्यालय देखि भारतको सीमा क्षेत्रसम्मको सिन्ध प्रान्तको भू–भाग सम्ममा मस्जर्वहरूको निर्माण र मदरसाहरूको संचालन गर्दै आएकोछ ? जमात–उद–दावाद्धारा यस प्रकार मदरसाहरूको अत्याधिक र असामान्य वृद्धिको प्रभुत्व राज्यको विकृत मानसिकताको स्पष्ट प्रमाण हो । आखिर जे भए पनि जमात–उद–दावा आतंकवाद विरूद्ध कानूनको अनुसूची २ अनुसारको नियन्त्रण सूचीमा रहेको आतंकवाद संलग्न रहेको संगठन हो भन्ने सरकारलाई पनि थाहा भएकै कुरा हो । लश्कर ए तैवबा जस्तो आतंकवादी संगठनहरूको बढ्दो उपस्थिति र दबाबका कारण थारका हिन्दू समुदायहरू अब आफ्ना घर तथा व्यापार कराचीमा सार्न थालेका छन् । हिन्दूका एक नेताले एक समाचार पत्रलाई –"हिन्दूहरू अब विश्वको सब भन्दा असुरक्षित एक शहरमा 'सुरक्षा' प्राप्त गर्ने गर्दैछन् ?" भन्ने निराशापूर्ण मनसाय व्यक्त गरेका थिए ?

*– एजेन्सीको सहयोगमा*

## पाकिस्तानको इतिहास कालो धब्बामा परिणत हुँदै



पाकिस्तानी सर्वोच्च अदालतका न्यायाधीश एजाज हसन, एजाज अफजल, सईद शेख, आफिस सईद खोसा र गुलजार अहमद सम्मिलित पाँच सदस्यीय इजलाशले 'पनामा पेपर्स' प्रकरणपछि भ्रष्टाचार मुद्दामा फैसाला सुनाउँदै अयोग्य भनेपछि पाकिस्तानका प्रधानमन्त्री नवाज सरिफले राजीनामा दिएका छन् भने मन्त्रीमण्डल भंग गरिएको छ । सन् २०१५ मा चर्चित 'पनामा पेपर्स' प्रकरणमा सरिफका परिवारको सम्बन्ध कर छलीको उद्देश्यले विदेशमा खोलिएका नक्कली कम्पनीसँग रहेको देखिएपछि उनको परिवारको सम्पतिबारे छानबिन भएको थियो । न्यायाधीश एजाज अफजल खानले भने– 'अब नवाज सरिफ संसद्को इमानदार सदस्य बनिरहन योग्य रहेनन् ।' नवाज सरिफ पाकिस्तानका १८ औं प्रधानमन्त्री थिए भने उनीअघिका १७ जनामा कसैले पनि प्रधानमन्त्री पदमा पूर्ण कार्यकाल बिताएका थिएनन् । प्रधानमन्त्री सरिफले निरन्तर आफूले कुनै गलत काम नगरेको दावी गर्दै आएका थिए तर जोगिन भने सकेनन् ।

पाकिस्तानमा धेरैजस्तो प्रधानमन्त्री कार्यकाल पूरा हुनुपूर्व नै शक्तिशाली सेना वा अदालतको हस्तक्षेपमा बाहिरिएको पाकिस्तानी इतिहास छ । अन्य केहि आफ्नै दलद्धारा हटाइएका छन्, राजीनामा दिन दवाव दिइएको छ वा कसैद्धारा हत्या गरिएको छ । अदालतले सन् २०१२ मा तत्कालीन प्रधानमन्त्री युसुफ राजा गिलानीलाई तत्कालीन राष्ट्रपति असिफ अली जर्दारीविरूद्ध भ्रष्टचार आरोपमा मुद्दा चलाउन नमानी अदालतको मानहानी गरेको आरोपमा अयोग्य घोषणा गरिएको थियो भने पाकिस्तानको ७० वर्षको इतिहासमा सरिफ अदालतद्धारा अयोग्य घोषित हुने दोस्रो वहालवाला प्रधानमन्त्री भएका छन् । थुप्रैको विश्वासमा सर्वोच्च अदालतले भ्रष्टाचारविरूद्ध कारवाही प्रक्रिया आरम्भ गरेको छ । यो प्रजातन्त्रको लागि सुखद पक्ष हो । सरिफका समर्थकले सर्वोच्चको यो फैसलालाई देशमा राजनीतिक षडयन्त्रको लामो इतिहासको एक भागको रूपमा हेरेको छन् । दाउपेचका आडमा देशको शक्तिशाली सैनिक संस्थापनले गैरसैनिक निर्णय प्रक्रियालाई नियन्त्रण गर्दै आएको छ । सर्वोच्च अदालतका पाँच सदस्यीय इजलासले नवाज सरिफले कालोधन जम्मा गरेको र छोरी मरियम तथा ज्वाई सफदार र अर्थमन्त्री इसाकदारलाई पनि दोषी ठहर गर्दै उनीहरूमाथि भ्रष्टचारको मुद्दा दायर गर्न सुझाव दिएका छन् । अन्ततः सर्वोच्च अदालतले भ्रष्टाचारी करार गर्दै पदका लागि अयोग्य भएको फैसला गऱ्यो । सन् २०१५ मा भएको चर्चित पनामा पेपर्स प्रकरणमा नवाज सरिफका सन्तानको कर छली गर्ने उद्देश्यले विदेशमा स्थापना भएका अफसोर कम्पनीहरूसँग रहेको देखिएपछि उनको परिवारको सम्पतिबारे छानबिन सुरू भएको थियो । छानबिन गर्न अदालतले आफ्नै अनुसन्धान समिति गठन गरेको थियो । सो समितिमा सैनिक गुप्तचर सेवाको प्रभावकारी भूमिका थियो । अनुसन्धान समितिले गत १० जुलाईमा आफ्नो प्रतिवेदन बुझाएको थियो । अफसोर कम्पनीहरूमार्फत सरिफका सन्तानको नाममा लण्डनमा महँगो आवासीय भवन रहेको प्रतिवेदनमा उल्लेख छ ।

पाकिस्तानी सर्वोच्च अदालत परिसरमा फैसला सुन्न भेला भएका भीडले अदालतको निर्णयको स्वागत गरेको छ । सर्वोच्चले फैसला सुनाएपछि विपक्षी राजनीतिक दलहरूले तालीको गडगडाहटले स्वागत गरेका थिए । उनीहरूले सरिफविरोधी नारावाजी गर्नुका साथै खुशीयालीमा मिठाई बाँडेका थिए । पनामा पेपर्स प्रकरणपछि प्रधानमन्त्री सरिफविरूद्ध उजुरी गर्नेहरूमध्ये विपक्षी पाकिस्तान तहरिक ए इन्साफ पार्टीका अध्यक्ष तथा पूर्वक्रिकेटर इमरान खान पनि एक थिए । फैसला सुनाउँदा अदालतमा अत्यन्तै कडा सुरक्षा प्रबन्ध गरिएको थियो । नवाज सरिफको अयोग्यतासम्बन्धी फैसलपछि उत्तराधिकारी को हुन्छ भन्ने टुंगो नलागे पनि सरिफका भाई तथा पञ्जाव प्रान्तका मुख्यमन्त्री सेहवाज सरिफ प्रधानमन्त्रीका मुख्य दावेदार रहेपनि सभामुखले सत्तासीन पार्टी पाकिस्तान मुश्लिम लिग नवाज ( पिएमएल–एन) लाई सन् २०१८ को आम निर्वाचनसम्मका लागि अन्तरिम प्रधानमन्त्रीको पदका लागि पूर्व पेट्रोलियममन्त्री शाहिद अब्बासीलाई विपक्षी राजनीतिक दलहरूले पनि आफ्ना साझा उम्मेदवार चयन गर्ने अनुमान गरिएको छ ।

पनामा पेपर्स प्रकरणमा आइसल्याण्डका प्रधानमन्त्री सिग्मुन्दर ड्याभिओ गुन्साउग्सनले श्रीमती र परिवारका सदस्यसमेत संलग्न भएको पुष्टि भएपछि पदत्याग गरेका थिए भने सरिफ राजीनामा दिने विश्वका दोस्रा नेता भएका छन् । सरिफ २०१३ को निर्वाचनमा प्रधानमन्त्रीमा निर्वाचित भए पनि २०१६ मा पनामा पेपर्सले उनको लण्डनमा महंगो घर रहेको र अन्य कम्पनीमा पनि परिवारको लगानी भएको विवरण सार्वजनिक भएपछि सर्वोच्च अदालतले अनुसन्धानपछि सरिफलाई पदमा रहन अयोग्य ठहर गऱ्यो र उनको सरकार ढल्यो । नवाज सरिफको जन्म सन् १९४९ मा पाकिस्तानको प्रख्यात शहर लाहोरमा प्रसिद्ध उद्योगपतिको परिवारमा भएको थियो । शहरिया भए पनि उनले ग्रामीण इलाकाबाट राजनीति शुरू गरेका थिए । तत्कालीन जनरल जियाउल हकको सैन्य शासनकालमा उनी पञ्जावका अर्थमन्त्री हुँदै सन् १९८५ देखि १९९० सम्म मुख्यमन्त्री बनेका थिए । विश्लेषकका अनुसार उनी प्रभावशाली राजनीतिज्ञ होइनन् । न त उनले आफुलाई कुशल प्रधानमन्त्री प्रमाणित गर्न सफल भए न त पदबाट जोगिन नै सके ।

६७ वर्षीय सरिफ पाकिस्तानी इतिहासमा पछिल्लो ३० वर्षदेखि नै एउटा नेतृत्वदायी राजनीतिज्ञका रूपमा परिचित थिए । तस्रो कार्यकालमा निर्वाचित हुनुअघि उनी सन् १९९० देखि १९९३ र सन् १९९७ देखि १९९९ सम्म प्रधानमन्त्री रहेका थिए । सन् १९९९ मा रक्तपातपूर्ण कूपछि उनी पदमुक्त भएका थिए । उनका समकालीनलाई जस्तै सरिफमाथि निरन्तर भ्रष्टचारको आरोप लाग्यो । पूर्वसैन्य नेता जनरल जियाउल हकका सहयोगीसमेत रहेका सरिफ पाकिस्तान बाहिर भने देशमा पहिलो पटक आणविक परिक्षण गराउने नेताका रूपमा चिनिन्छन् । तर सरिफले पाकिस्तानलाई 'एसियाको टाइगर' बनाउने वाचा गरेका थिए । देशमा नयाँ पूर्वाधारको विकास गर्ने र उद्योगधन्दा विकास गर्ने विकास निर्माणका गतिविधिलाई तीव्रता दिने र देशमा आर्थिक क्रान्ति ल्याउने सरिफले वाचा गरे पनि उनी सफल हुन सकेनन् वा आफ्नो वाचा त्यसै खेर फाले । पाकिस्तानी सर्वोच्च अदालतको फैसलासँगै अबको उनको राजनीतिक यात्रामा पूर्णविराम त लाग्यो, अब बाँकी जीवन कैदमा बिताउनु पर्नेछ । सरिफको राजनीतिक अवशानसँगै पाकिस्तानी इतिहास कालो धब्बामा परिणत हुन थालेको छ । राष्ट्रवाणी साप्ताहिक

## एमाले अध्यक्ष ओली र राजदूत पुरीबीच भेटवार्ता

काठमाडौं । नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपालका लागि भारतीय राजदूत मन्जिवसिंह पुरीबीच भेटवार्ता भएको छ । भारतको ७०औं स्वतन्त्रता दिवसका अवसरमा काठमाडौंस्थित दूतावासमा हुने समारोहको विशेष अतिथिको निम्तो दिन राजदूत पुरी बुधबार अपरान्ह ओली निवास पुगेका थिए । उक्त समारोहमा विदेशमन्त्री स्वराज पनि आउने र उनले ओलीको उपस्थिति भइदिए हुन्थ्यो भन्ने सन्देश पठाएको पुरीले बताए । उनले ओलीको उपस्थितिका लागि जोड गरेको स्रोतले जनाएको छ । भेटमा दुई देशको सम्वन्धबारे पनि कुराकानी भएको छ । ओलीको भनाइ उधृत गर्दै स्वकीय सचिव अनिश दाहालले भने, 'नेपाल भारत सम्बन्ध बिगतमा पनि नराम्रो थिएन । केही केही 'पेड' मान्छेहरू व्यक्तिगत स्वार्थका लागि सम्बन्ध बिगार्न लागेका हुन् । त्यस्ता व्यक्तिहरूका कारण सम्बन्धमा केही उतारचढाव आए पनि राजनीतिक र जनस्तरमा सम्बन्ध नबिग्रिएको ओलीले बताए । जवाफमा राजदूत पुरीले कसैले चाहेर पनि नेपाल भारत सम्बन्ध बिग्रन नसक्ने बताएका थिए ।

## पूर्वमन्त्री डा.महत र भाजपा महामन्त्री माधवबीच भेटवार्ता

काठमाडौं । नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री डा.प्रकाशशरण महत र भारतीय जनता पार्टीका महामन्त्री राम माधवबीच दिल्लीमा भेटवार्ता भएको छ । भारतीय जनता पार्टी आवद्ध बुद्धिजीवीहरू (थिंक ट्यांक) संस्था इन्डियन काउन्सिल फर इन्टरनेशनल कोअपरेसनद्धारा नयाँ दिल्लीमा आयोजित नेपाल-भारत सम्बन्ध र भू-राजनीतिक अवस्था विषयक गोष्ठीमा सहभागी हुन पूर्व परराष्ट्रमन्त्री महत दिल्ली पुगेका छन् । उनले भाजपा महामन्त्रीलाई भेटेर नेपाल भारत सम्बन्धका साथै वर्तमान राजनीतिक अवस्थाका बारेमा कुराकानी गरेका छन् । कांग्रेस नेता डा. महतले नेपालमा दुई चरणको स्थानीय निर्वाचन सम्पन्न भएको र अर्को चरणको स्थानीय निर्वाचन तथा प्रदेश र केन्द्रको निर्वाचनको तयारीमा सरकार जुटेको जानकारी गराएका छन् ।

# जिल्ला समाचार

## शव परीक्षण भवन प्रयोगविहीन

महोत्तरी । प्राथमिक स्वास्थ्य चौकी, गौशालामा शव परीक्षण भवन निर्माण भएको छ महिना बितिसक्दा पनि हस्तान्तरण हुन सकेको छैन । हस्तान्तरण हुन नसक्दा नवनिर्मित भवन प्रयोगविहीन बनेको छ । स्वास्थ्य मन्त्रालयको रू. ७० लाख आर्थिक सहयोगमा निर्माण भएको शव परीक्षणको नवनिर्मित भवन हस्तान्तरण नभएपछि प्रयोगविहीन बनेको प्राथमिक स्वास्थ्य चौकी, गौशालाका डा अभिशेषकुमार मल्लिकले बताए । प्राथमिक स्वास्थ्य चौकीको परिसरमा रू. ७० लाखको लागतमा निर्मित सो पक्की भवन निर्माण भएको महिनौं बितिसक्दासमेत स्वास्थ्य चौकी व्यवस्थापनको बेवास्ताका कारण हस्तान्तरण हुन सकेको छैन । घटना, दुर्घटनामा परी मृत्यु भएकाको शव परीक्षणका लागि सुविधासम्पन्न शव परीक्षण भवन निर्माण भए पनि सञ्चालनमा आउन सकेको छैन । गौशालामा शव परीक्षण सम्भव नभएपछि जलेश्वर पठाउँदै आएको इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक शम्भु पोखरेलले बताए । आफन्त, घर परिवारको अकालमा मृत्यु भएर समस्यामा परेका बेला पैसा हुनेले जसोतसो शव परीक्षणका लागि गाडीको व्यवस्था गरे पनि गरिबका लागि जलेश्वर आवतजावत गर्दा शोकमा झनै अर्को समस्या थपिन्छ । शव परीक्षण कक्ष सञ्चालनमा आएमा जिल्लाको पश्चिमी क्षेत्रका सेवाग्राहीले सुलभरूपमा सेवा लिन सक्नेछन् ।

## उद्योग व्यापार संगठनको नवीकरण अभियान

भैरहवा । उद्योग व्यापार संगठन रूपन्देहीले व्यवसायी नवीकरण अभियानलाई घरदैलोबाट सुरू गरेको छ । संगठनले व्यवसायीको व्यस्ततालाई मध्यनजर गर्दै नवीकरणका लागि अभियानलाई घरदैलोबाट सुरू गरेको हो । नयाँ आर्थिक वर्षको सुरूवातसँगै संगठनले नगरमा छुट्टा छुट्टै टोली बनाएर व्यवसायी नवीकरण गरिरहेको छ । संगठनका महासचिव तथा नवीकरण उपसमितिका संयोजक अनिल ज्ञवालीको नेतृत्वमा घरदैलो अभियानमा रहेको टोलीले बैंक रोडको प्रत्येक व्यवसायीको प्रतिष्ठानमा पुगेर व्यवसायी नविकरण गरेका थिए । विशेष गरेर व्यवसायीका समस्या बुझ्न् पनि प्रतिष्ठानमा पुगेको ज्ञवालीले बताए ।

## ट्राफिक प्रहरीद्वारा सादा पोशाकमा अप्रेसन

कपिलवस्तु । ट्राफिक सचेतना अभियान सँगसँगै जिल्ला ट्राफिक प्रहरी कार्यालय कपिलवस्तुले सादा पोशाकमा अप्रेसन शुरू गरेको छ । ट्राफिक नियमको ज्ञान भएर पनि लापरवाही गर्ने र ट्राफिक प्रहरीलाई नटेर्ने प्रवृत्तिलाई निरूत्साहित गर्न ट्राफिक प्रहरीलाई जिल्लाका विभिन्न स्थानमा सादा पोशाकमा परिचालन गरि ट्राफिक नियमको उल्लंघन गर्ने सवारी चालकलाई नियन्त्रणमा लिई कारवाहीको दायरामा ल्याउने र सहज ट्राफिक ब्यबस्थापनद्वारा सवारी दुर्घटनामा कमी ल्याउने कार्यक्रमको उद्देश्य रहेको छ । यस अप्रेसनमा सादा पोशाकमा खटिएका ट्राफिक प्रहरीले ट्राफिक नियम उल्लंघन गर्ने सवारी चालकलाई रोक्नेछन् र तिनीहरूको सम्बन्धित कागजात तथा सवारी साधन समेत नियन्त्रणमा लिई जिल्ला ट्राफिक प्रहरी कार्यलय गोरूसिंगेमा ल्याई औडियो तथा भिडियो समेतको ट्राफिक सचेतना कक्षा पश्चात नियमानुसारको जरिवाना गरि छाडिने छ ।

## क्याम्पस विद्यार्थी संगठनको अल्टिमेटम

वीरगन्ज । वीरगन्जको ठाकुरराम बहुमुखी क्याम्पससँग विभिन्न माग राख्दै क्यम्पस प्रमुख डा. प्रमोद कुशवाहालाई विद्यार्थी नेता निखिल बर्णवालको नेतृत्वमा गएका ३ वटा विद्यार्थी संगठनका अगुवाले आइतबार एउटा ज्ञापनपत्र बुझाउँदै आफ्ना मागहरू पुरा गर्न ४ दिने अल्टिमेटम दिएका छन् । ज्ञापनपत्रमा स्नातकोत्तर तहमा अनियमित किसिमले कर्मचारी भर्ना गरिएकोमा सच्याउनु पर्ने, बितेका २ आर्थिक वर्षको आर्थिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, इ-लाईब्रेरीको ब्यवस्था गर्न, दोस्रो उच्च शिक्षा परियोजनाको तथ्यांक संकलन गरी नबुझाइएकोमा त्यतातर्फ आवश्यक कदम चाल्न, शैक्षिक ब्यवस्थापन सूचना प्रणली लागु गर्न, नियमित कक्षा संचालन लगायत ९ वटा माग रहेका छन् ।

## खुल्ला दिसा मुक्त क्षेत्र घोषणा

धनुषा । धनुषाको साबिक अन्दुपट्टि कटरैत गाविस एक विशेष समारोहका बिच खुल्लादिसा मुक्त क्षेत्र घोषणा गरिएको छ । "मिथिला हाम्रो घर, घरमा चर्पी ,सरसफाईमा राम्रो, घर आँगन हाँस्छ त्यो बेला सफा सुग्घर रहन्छ जुन बेला" मूल नाराका साथ एक भव्य समारोहका बीच खानेपानी सरसफाई तथा स्वास्थ्य समन्वय समितिको सहयोगमा खुल्लादिसा मुक्त क्षेत्र घोषणा गरिएकोछ । त्यस समारोहमा प्रमुख अतिथि विजय यादब ग्रहण गरेका थिए भने विशिष्ट अतिथि ओम जगत साह तथा साधु शरण यादवले गरेका थिए ।

## बस दुर्घटनामा घाइते दुईको मृत्यु

जलेश्वर । महोत्तरी जिल्लाको बलवामा शनिबार भएको बस दुर्घटनामा परि घाइते भएकामध्ये दुई जनाको मृत्यु भएको छ छ । सो दुर्घटनामा २१ जना घाइते भएका थिए । मृत्यु हुनेमा जिल्लाको महोत्तरी गाउँपालिका वडा नं. ५ हरिगोरगम्मा बस्ने वर्ष ८० की सितादेवी झा र धनुषा जिल्लाको ढल्केबर बस्ने वर्ष २७ को मोहन पासमान रहेका छन् । मृत्यु भएकामध्ये झाको जनकपुर अञ्चल अस्पतालमा उपचारको क्रममा तथा पासमानको न्युरो अस्पताल विराटनगरमा मृत्यु भएको जनाइएको प्रहरीले जनाएको छ । शनिबार दिउँसो बलबाबाट जनकपुरतर्फ जाँदै गरेको ना२ख १५० नम्बरको यात्रुबाहक बस अनियन्त्रित भई सडकदेखि ९ फिट दक्षिण पट्टीको खाल्डोमा खस्न पुगेको थियो । तत्कालै घाईतेहरूलाई प्रहरीले उद्धार गरी जनकपुरस्थित जानकी हेयर केयर एण्ड रिसर्ज सेन्टरसहित अन्य अस्पतालहरूमा पुऱ्याएका थिए । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक राजकुमार लम्सालले घटनाको अनुसन्धान थालिएको र चालक फरार रहेको जानकारी दिए ।

## वीरगंजमा एमालेको चुनावी छलफल

वीरगंज । नेपाल कम्युष्टि पार्टी (एमाले)को वीरगंज महानगरपालिकाको वडा नं. १० मा चुनावी छलफल कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा आउँदो असोज २ गते हुन लागेको स्थानीय तहको निर्वाचनका लागि आवश्यक रणनीतिहरू बनाउँदै पार्टीका उम्मेदवारहरूलाई जिताउनका लागि हालसम्म गरिएको विभिन्न कार्यक्रमहरूमा भएको कमी कमजोरीहरूको समीक्षा गर्दै अझ बृहत रूपमा प्रचार प्रसारको आवश्यकता रहेको महसुस गरिएको थियो । त्यसैगरी, नेपाल लोकतान्त्रिक यातायात व्यवसायिक संगठनका पदाधिकारी र नेकपा एमालेबाट वीरगंज महानगरपालिकाका मेयरका उम्मेदवार बसरूदिन अंसारीबीच भेटघाट तथा चुनावी छलफल समेत भएको थियो ।

## हतियार सहित पक्राउ

मोरङ । केराबारी गाउँपालिका-५ शान्ति टोल बस्ने ६३ वर्षीय अबिलाल बि.क.लाई भरूवा बन्दुक बनाउन प्रयोग हुने १४ नाल ब्यारेल, ३ थान ट्रिगर, ३ थान काठको बट, आधा लिटर हतियारको तेल र १ थान खप्पर समेतको जरायोको सिंङ सहित बिहीबार प्रहरीले पक्राउ गरेको छ । बि.क.ले घरमा भरूवा बन्दुक बनाउन प्रयोग हुने सामानहरू लुकाई छिपाई राखेका छन् भन्ने विशेष सूचनाको आधारमा प्रहरीले घर तलासी गर्दा उक्त सामाग्री बरामद भएको हो ।

## सवारी दुर्घटनामा मृत्यु

रूपन्देही । बुटवल उपमहानगरपालिका-१३ बेलबासमा ना.३ च ६८५९ नम्बरको जिप र लु.३५ प ४८११ नम्बरको मोटरसाइकल बुधबार एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक बुटवल उपमहानगरपालिका-१२ नयागाँउ बस्ने १९ वर्षीय आकाश थापाको मृत्यु भएको छ । दुर्घटनामा हराएका थापाको खोजी गर्ने क्रममा नजिकैको नालीमा शव फेला परेको हो । जिप चालक समेत ३ जना घाईते भएकाले उपचारको लागि लुम्बिनी अचंल अस्पताल बुटवल पठाइएको छ ।

## नगद लुटपाट

सुनसरी । दुहवी नगरपालिका-७ फर्साहीस्थित जिवन विकाश समाज शाखा टंकिसिनवारीका सहायक कर्मचारी पुजा साहको झोलामा रहेको नगद १ लाख २० हजार रूपैयाँ र अन्य कागजातहरू लुटपाट भएको छ । कार्यालयको रकम संकलनको सिलसिलामा पुजाले स्कुटर रोकी रकम संकलन गर्ने क्रममा कालो रंगको नम्बर नखुलेको मोटरसाइकलमा आएका ३ जना अपरीचित व्यक्तिहरूले डर त्रास देखाई उक्त रकम लुटपाट गरी लगेको बताइएको छ ।


हार्ने निश्चित भइसकेपछि मतपत्र च्यात्ने दलका प्रतिनिधि । त्यसलाई संरक्षण गर्ने निर्वाचन आयोग । त्यही प्रवृत्तिलाई सघाउने अदालती फ़ैसला । **प्रदिप ज्ञवाली**


'नयाँ शक्ति' र 'फोरम' को एकता प्रयास सायद 'प्राकृत' थिएन, त्यसैले सम्भव भएन । 'बैकल्पिक राजनीति' को महाअभियानमा अझ दृढ संकल्पित बनौं । **डम्बर खतिवडा**


गरिब चिनाउने परिचय होईन सरकार, गरिबीबाट साँच्चै मुक्त हुने उपाय सोच । परिचय पत्र बनाउने धेरै कम्पनी धनी भईसके । **दिलभुषण पाठक**


सोचेको थिएँ कुनै दिन नेताहरूको झुन्ड पार्टीमा परिणत हुन्छ, तर यो त कम्पनी ऐनअन्तर्गत पो दर्ता भयो । सिइओविहीन कम्पनी । **अनिलकुमार कर्ण**


एमाले-माओवादी र कांग्रेसमा आबद्ध रहेका मधेशी नेता र मधेशी जनताहरूले संबिधान संशोधन बिना चुनावमा जानुको औचित्य समग्र मधेशी जनता समक्ष प्रमाणित गर्नुपर्‍यो । राजपाले उठाएको माग जायज़ हो या नाजायज़ मधेशी जनतालाई अन्योलमा नपारी बताउनु पर्‍यो । **राजिव झा**


टाउको र छातीमा गोली प्रहार हुँदा, बाढी-आगलागीबाट जनधनको क्षति हुँदा पीडितलाई ढाडस दिनसमेत फुर्सद नपाउनेहरूलाई अहिले मधेशसँग कडा लभ परे जस्तो छ। **अजय साह शिवाली**


लोककल्याणकारी राज्य भन्छौं, समाजवाद उन्मुख संविधान ल्याउँछौ, यही कुरा माग्ने गोविन्द केसीलाई चाहिँ भाकै किन माछौं ? **सुजित मैनाली**


बन्द गर "दाइजो" लाई अपवित्र भन्दै यसलाई कु-संस्कारको नाममा "ल्डू को प्रोपोजल खेती, दाइजो छोरीको अधिकार हो बरू सक्छौ भने यसलाई अनिवार्य कानूनी नियम बनाउन लाग । **वीरेन्द्र के.एम**


दुई नम्बर प्रदेशमा पुग्ने जुनसुकै पार्टीका जुनसुकै नेतालाई युवाहरूले एउटै प्लेकार्ड देखाउँदा हुन्छ 'हजुरको पार्टीले कति जना मधेशीको हत्या गर्‍यो ? अनी हजुरले मधेशका लागि गरेका तीन वटा काम बताइदिनुस् । **बीपी साह**


केपी ओलीको मधेश प्रेमले म अचम्मित छु । मधेश नेपालमै छैन भन्ने ओलीजी आज घाँटीमा गम्छा राखेर मधेशी बन्न खोज्दैछन् र केही व्यक्तिहरू त्यसलाई मधेशमा प्रचार प्रसार गर्न लागिपरेका छन् । ताकि तेस्रो चरणको निर्वाचनमा मधेशमा एमाले जितोस भनेर । **विकास ठाकुर**


तराईका २२ जिल्लामा क्ष्ल्इको औसत खर्च १ अर्ब बिभेदमा परेका भनिएका जिल्लामा यति खर्च पहाडी जिल्लामा कति खर्च भो थाहा भए पो बिभेदमा को पर्‍यो थाहा हुन्थ्यो । **रत्नसंसार श्रेष्ठ**

# मधेशको कला-संस्कृतिलाई राज्यले बेवास्ता गर्‍यो, अब विशेष योजना बनाउँछु : मन्त्री देव

काठमाडौं । संस्कृति, पर्यटन तथा नागरिक उड्डन मन्त्री जितेन्द्र नारायण देवले तराई-मधेशको कला-संस्कृतिको उत्थानका लागि आफ्नो मन्त्रालयको पहलमा विशेष योजना तथा कार्यक्रम बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

मैथिली सिने संसार पत्रिकाले शनिबार मधेश मिडिया हाउसमा आयोजना गरेको सम्मान कार्यक्रममा प्रमुख अतिथिको आसन्न बोल्दै मन्त्रीले यस्तो प्रतिबद्धता जनाएका हुन् । उनले तराई-मधेशका कला संस्कृतिलाई राज्यले बेवास्ता गरेको आरोपसमेत लगाए ।

उनले आफू मन्त्री हुँदासम्म तराई-मधेशका कला संस्कृतिका लागि राज्यस्तरबाट नै विशेष योजना बनाउने र लागू गराउन विशेष जोड दिने बताए । उनले तराई-मधेशको कला संस्कृतिलाई उजागर गर्ने खालको एउटा योजनाका साथ मन्त्रालयमा बुझाउन कलाकर्मीहरूलाई आग्रह पनि गरे ।

सो कार्यक्रममा वरिष्ठ राजनीतिज्ञ खुशीलाल मण्डलले राज्यले मधेशप्रति गर्दै आएको विभेदकै कारण तराई-मधेशको कला संस्कृति ओझेलमा परेको आरोप लगाए । उनले मधेशमा विकासका लागि राज्यले सर्वप्रथम अधिकार दिनुपर्ने बताए । अधिकार पाएपछि मधेशका हरेक क्षेत्रमा आफै विकास हुने दाबीसमेत उनले गरे ।


*मैथिली सिने संसारद्वारा आयोजित सम्मान कार्यक्रममा उपस्थित संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जितेन्द्र देव, राजनीतिज्ञ खुशीलाल मण्डललगायत ।*

यस्तै, कार्यक्रममा धुर्मुश-सुन्तली फाउण्डेशनका अध्यक्ष सीताराम कट्टेल 'धुर्मुश'ले तराई-मधेशको विकासका लागि आफ्नो फाउण्डेशन सदैव लागिरहने प्रतिबद्धता जनाए । उनले आफूले लोकप्रियाताका लागि मात्र महोत्तरीको बर्दिवासमा नमुना मुसहर बस्ती नबनाएको भन्दै हिमाल, पहाड तराई कोही छैन पराई भन्ने भावनालाई उजागर गर्नका लागि सो कार्यमा लागेको बताए ।

यसैगरी, सप्तरी जिल्लाका एक गाउँको एक दृष्टिविहीन परिवारका लागि घर निर्माण गरी हस्तान्तरण गरेका हास्यकलाकार जिग्री पाँरे फाउण्डेशनका कुमार कट्टेलले तराई मधेशमा विकासका लागि सहज भएपनि राज्यले बेवास्ता गरेको गुनासो गरे । उनले आफूहरू एउटा कलाकार भएपनि त्यस क्षेत्रका विकासका लागि लागिरहने प्रतिबद्धता जनाए ।

यस्तै, कार्यक्रममा वरिष्ठ राजनीतिज्ञ खुशीलाल मण्डलले राज्यले जहिले पनि मधेशलाई उपेक्षा गर्दै आएको आरोप लगाए । उनले मधेश अधिकार भए मधेशमा आफै विकास हुने तर्क गरे ।

कार्यक्रममा कलाकर्मीहरूलाई सम्मानपत्रबाट सम्मान गरिएको थियो । कार्यक्रममा हास्यकलाकारहरू सीताराम कट्टेल (धुर्मुश), कुमार कट्टेल (जिग्री), अर्जुन घिमिरे (पाण्डे), नृत्य निर्देशक इन्द्रकुमार चौधरी, निर्मात्री अनिता यादव र कलाकार प्रिति अधिकारीलाई सम्मान पत्रबाट सम्मान गरिएको थियो । यस्तै, प्रमुख अतिथि मन्त्री देवलाई मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रममा राष्ट्रिय जनता पार्टी नेपालका उपाध्यक्ष सत्यनारायण मण्डलको पनि उपस्थिति रहेको थियो ।

## आर्थिक समाचार

### नबिलको नाफामा वृद्धि

काठमाडौं । गत आव २०७३/७४ मा नबिल बैंकको नाफा २८.८३ प्रतिशतले बढेर ३ अर्ब ६२ करोड रूपैयाँ पुगेको छ । अघिल्लो आव २०७२/७३ मा भने बैंकको नाफा २ अर्ब ८१ करोड रहेको थियो । बैंकको खुद व्याज आम्दानी २६.२० प्रतिशतले बढेर ५ अर्ब ४५ करोड रूपैयाँ पुगेको छ । बैंकले फि कमिसनबाट ५७ करोड रूपैयाँ, अन्य सञ्चालनबाट ३८ करोड र बिदेशी मुद्राको कारोबारबाट बैंकले ६४ करोड रूपैयाँ आम्दानी गरेको छ । बैंकले यसअघि नोक्सान वापत राखेको ४ करोड मात्र फिर्ता ल्याएको छ । त्यस्तै, यसपटक भने सम्भावित नोक्सान व्यवस्थाको लागि केही रकम बढाएर १ करोड ९३ लाख रूपैयाँ छुट्याएको छ । बैंकको खराब कर्जा ०.७९ प्रतिशत रहेको छ भने प्रावधान २ सय २१ प्रतिशत गरेको छ ।

### सिद्धार्थको शाखा धनकुटा बजारमा

काठमाडौं । धनकुटाको धनकुटा बजारमा आफ्नो शाखा कार्यालयहरू सञ्चालनमा ल्याएको छ । बैंकले सो शाखा कार्यालयहरू मार्फत् सम्पुर्ण बैंकिङ सेवा उपलब्ध हुने जानकारी गराएको छ । बैंकले हाल देशभर रहेका ७२ शाखा, २ एक्स्टेन्सन् काउन्टर, ९८ एटीएम, ७० शाखारहित बैंकिङ्ग सेवा र ४५० भन्दा बढी पीओएस मेसिन मार्फत् उच्चस्तरिय बैकिङ्ग सेवा प्रदान गर्दै आएको छ । आर्थिक वर्ष २०७३र०७४ को श्रावण मसान्तसम्म बैंकले १ अर्ब ४१ करोड खुद मुनाफा आर्जन गर्न गरेको छ । सोहि अवधीमा बैंकको कुल निक्षेप ७७ अर्ब ३१ करोड र कर्जा लगानी ६६ अर्ब ६ करोड रहेको छ ।

# सुरक्षा सल्लाहकारमा शाह


काठमाडौं। सरकारको सुरक्षा सल्लाहकारमा सुरेन्द्र बहादुर शाहलाई नियुक्त गरेको छ । सरकारको सुरक्षा सल्लाहकारमा पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक सुरेन्द्र बहादुर शाह नियुक्त भएका छन् । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले शाहलाई नियुक्त गरेको हो। प्रहरी प्रतिष्ठान, अपराध अनुसन्धान विभाग, महानगरीय प्रहरी कार्यालय रानीपोखरी लगायतको ईन्चार्ज भएर काम गरीसकेका शाह मुलुकको आन्तरिक एवं बाह्य सुरक्षा संवेदनशिलतामा दखल राख्छन् । मन्त्रिपरिषद्ले ११ जना प्रहरी नायब महानिरिक्षक (डीआइजी) बाट एआइजी बढुवालाई अनुमोदन गरेको छ। डीआइजीहरु बमबहादुर भण्डारी, जयबहादुर चन्द, देवेन्द्र सुवेदी, पशुपति उपाध्याय, केशरीराज घिमिरे, माधव प्रसाद जोशी, बिजयलाल कायस्थ, कमलसिंह बम, मिङ्मार लामा, रणबहादुर चन्द र बिजयकुमार भट्टलाई गत असार ३० गते एआइजी बढुवा सिफारिस गरेको थियो ।

# नेपाल-भारत फाउन्डेशनद्वारा समीक्षा


*समीक्षा कार्यक्रममा भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्याय र नेपालका लागि भारतीय राजदूत*

काठमाडौं । बीपी कोइराला नेपाल भारत फाउन्डेशनको ३३औं बोर्ड बैठकले विगतका कामको समीक्षा गरेको छ । फाउन्डेशनले काठमाडौं र नयाँदिल्लीमा रहेको आफ्नो सचिवालयले विगत ६ महिनामा गरेको कामको समीक्षा गर्दै भावि योजना तय गरेको छ । बैठकमा दुबै पक्षले सांस्कृतिक, साहित्य, संगीत, शैक्षिक अनुसन्धान, महिला र बाल विकासका क्षेत्रमा भएका कामहरूको प्रगतिका विषयमा समीक्षा गरेको हो । बैठकले आगामी ६ महिनाका लागि कार्ययोजना पनि बनाएको छ । लुम्बिनीमा भएको बैठकको सहअध्यक्षता नेपालका लागि भारतीय राजदूत मन्जिव सिंह पुरी र भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायले गरेका थिए ।

# भारतीय विदेशमन्त्री आउने


काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवाको आसन्न भारत भ्रमण अघि भारतका विदेश मन्त्री सुष्मा स्वराज नेपाल आउने भएकी छिन् ।

नेपालमा हुने बिमिस्टेक राष्ट्रहरूको मन्त्रीस्तरीय बैठकमा भाग लिन भारतीय विदेश मन्त्री स्वराज साउन २६ गते काठमाडौं आउने छिन् । दुई दिने बिमिस्टेक मन्त्रीस्तरीय बैठक त्यहि दिनबाट काठमाडौंमा सुरू हुँदैछ । बैठकमा बिमिस्टेका सबै सदस्य राष्ट्रहरू नेपालसहित भारत, बंगलादेश, म्यानमार, श्रीलंका, थाइल्याण्ड र भुटानका विदेशमन्त्रीहरूको सहभागिता रहने छ ।

नेपालमा रहँदा मन्त्री स्वराजले राष्ट्रपति, प्रधामन्त्रीका साथै विभिन्न दलका शीर्ष नेताहरूसँग भेटवार्ता गर्ने छिन् ।

# बालविवाह एवं दाइजो विरुद्धका योद्धाहरु सम्मानित



काठमाडौं । देशभरबाट बाल विवाह एवम् दाइजो विरुद्धका २४ जना योद्धाहरुलाई काठमाडौंमा सम्मान गरिएको छ । बाल विवाह एवम् दाइजो उन्मूलन राष्ट्रिय अभियान, नेपालले काठमाडौंमा एक कार्यक्रम आयोजना गरेर बाल विवाह एवम् दाइजो विरुद्धका योद्धाहरुलाई सम्मान गरेको छ । विभिन्न क्षेत्रका ३०० भन्दा बढी व्यक्तिहरुको सहभागितामा आयोजित उक्त कार्यक्रमको अध्यक्षता प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, नेपाल सरकारको सचिव केदार बहादुर अधिकारीले गरेका थिए । त्यस्तै कार्यक्रमको प्रमुख अतिथिको रुपमा रन्जू झा ठाकुरथिइन् ।

बाल विवाह रोकेका तथा दाइजो नलिई विवाह गरेका योद्धाहरु कुन्ती भट्ट, बैतडी, प्रियंका हरिजन, रुपन्देही, सुनिता कहार, कपलिवस्तु, सिमा के एम, प्युठान, नागेन्द्र साह, धनुषा, विनोद जोशी, कैलाली, नन्द किशोर यादव, महोत्तरी, शुशिल कुशवाहा, सर्लाही, चन्दन कुमार यादव, सिरहा, महमद अन्सारी, बारा र सुनिल कुमार सर्राफ, बारालाई सम्मान गरिएको छ । यस्तै, बाल विवाह एवम् दाइजो विरुद्धका आन्दोलनका अभियन्ताहरु सफलता भन्डारी, सिन्धुपालचोक जिल्ला, १३. करुणा झा, सप्तरी जिल्ला हिरा सिंह थापा, दैलेख जिल्ला, १५. रामानन्द दुवे, कपलवस्तु जिल्ला, नविन मिश्रा, धनुषा जिल्ला, १७. प्रकाश प्रसाद थारु, पर्सा जिल्ला, ब्रिजेश्वर प्रसाद चौधरी, पर्सा जिल्ला, १९. डा. सि. के. सिंह, सप्तरी जिल्लालाई सम्मान गरिएको छ । यसैगरी, बाल विवाह एवम् दाइजो विरुद्धका आन्दोलनमा राष्ट्रिय स्तरमा रणनैतिक योगदान गर्ने व्यक्ति तथा संस्थाहरु गर्ल्स नट बाइडस, नेपाल, युनिसेफ नेपाल, डिएफआईडी नेपाल, डा. राजु बाबु श्रेष्ठ, नेपाल पुलिस हेड क्वाटर, नक्साल र डा. किरण रुपाखेती, राष्ट्रिय योजना आयोगलाईसमेत सम्मान गरिएको अभियानका संयोजक राजकुमार महतोले जनाएका छन् ।






**मिथिला दर्शन टी़भी़**
कार्यक्रम हेर्न नभुल्नु होला ।
मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।
**विशेष जानकारीका लागि सम्पर्क**
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं